'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

त्रैमासिक

# अर्हत

वर्ष ३, अंक ४, पूर्णांक ११ | बुद्ध सम्वत् २५५७ | ने.सं. ११३४ सिलाथ्व सि पुन्ही | वि.सं. २०७० फागुन २



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागूपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु ॥

# अर्हत
त्रैमासिक

वर्ष ३ | अङ्क ४ | बुलेटिन ११ | नेसं.११३४ सिलाथ्व सि पुन्ही

शक सं. १९३५ | २०७० फागुन २ | बुद्ध सं. २५५७

सल्लाहकार

रत्नसुन्दर शाक्य

जुनु बासुकला रजितकार

चन्द्रबहादुर उलक

सम्पादक

उद्धव सुजखु

प्रकाशक

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

Email: arhattraimasik@gmail.com

बजार व्यवस्थापन तथा वितरण

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१९१०७

मुद्रण

सिद्धिगणेश अफसेट प्रेस

इनाचो भक्तपुर

फोन - ६६१४७९३

सहयोग रु. ३०।-


# प्रकाशकीय

आज विश्व अशान्त छ । मान्छेले मान्छेलाई हिंसा गर्ने कार्य बढ्दो छ । मान्छेले मान्छेलाई रुवाउने व्यवहारले गर्दा मान्छेहरु बाघ-भालुजस्ता हिंस्रक जन्तुसँग होइन मान्छे मान्छेसँग डराउँछन् र भागाभाग हुन्छन् । मान्छेले मान्छेलाई लखेट्छन् । यो कस्तो विडम्बना ! यो कस्तो व्यवहार ! अचम्म लाग्छ - शान्तिप्रिय मान्छेहरुलाई ।

मान्छेको हृदयभित्र रिस, राग, द्वेष, क्रोध र मोहजस्ता प्रवृत्तिले वास गरेको कारण आज विश्वको वातावरण कहालीलाग्दो छ । त्राहीमाम छन् मान्छेहरु । राती सुत्दा घाम देख्न नपाउला कि बिहान उठ्दा घाम अस्ताएको हेर्न नपाउला कि भन्ने शङ्का गर्छन्, आजका शान्तिप्रेमी मान्छेहरु । के यस्तो परिस्थिति सृजना गराउने मान्छेहरु असङ्ख्य होलान् त ? हामीलाई लाग्छ- विश्वमा त्यस्ता राक्षसी प्रवृत्तिका मान्छेहरु केही सङ्ख्यामा मात्र छन् तर तिनीहरुले नै आज विश्व खलबल्याएका हुन् । तिनीहरुले नै विश्वलाई अशान्त पारेका हुन् । के तिनीहरुको हृदयभित्र बुद्धका उपदेशले बास पाएमा विश्वमा शान्ति स्थापना हुँदैन र ?

तिलौराकोटस्थित गौतमबुद्ध विहारका भिक्षु सूर्य मंगलको हत्या भएको खबरले बौद्ध दर्शन अध्ययन समाज मर्माहत भएको छ । आफ्नो सम्पूर्ण सम्पत्ति त्यागेर शान्तिको लागि यात्रामा हिँडेका भिक्षुको हत्या हुनु निन्दनीय छ । यस्तो अमानवीय अपराधले अरु शान्तिप्रिय हृदयमा कहिल्यै स्थान नपाओस् । अस्तु ।

**आवरण तस्बिरः लुम्बिनीस्थित विश्व शान्ति स्तुपा**



# नराम्रो संस्कार बदल्न सकेमा असल मानिस बन्न सकिन्छ

✍ भिक्षु अश्वघोष

संस्कार बदल्ने कुरा गर्नुभन्दा पहिला हामीले संस्कारको अर्थ बुझ्नु उचित हुनेछ । यहाँ संस्कार भन्नाले जन्मदेखि मृत्यु पर्यन्त गरिने कर्मकाण्डको विषयमा लेख्न खोजेको होइन । जन्म लिएदेखि आफूमा टाँसिरहेको राम्रा नराम्रा बानी व्यवहारहरू, चालचलन र कुसंस्कारहरूको विषयमा यहाँ उल्लेख गर्न खोजिएको छ । अझ स्पष्ट गर्ने हो भने नानीदेखि लिएर आएको कुसंस्कारलाई बदल्न सके असल मानिस बन्न सकिने विषयमा चर्चा गर्न लागिरहेको छु ।

हुन त नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत शब्दकोष अनुसार संस्कारको अर्थ यसरी उल्लेख गरिएको छ -

'अवगुण, दोष, कमजोरी, आदि हटाई सुधार गर्ने, पवित्र पार्ने आदि आदि ।'

बुद्धले धर्मचक्र प्रवर्तन सूत्र देशना गर्नुहुँदा आफ्नो परिचय दिनुहुँदै यसरी भन्नुभएको थियो -

'मैले आफ्नो पुरानो संस्कारलाई बदल्न नसकेको कारणले नै म ६ वर्षसम्म कठिन तपस्या गरी भ्रममा परिरहें ।

तर बुद्धत्व प्राप्त गर्न सकिन । तर जब मैले आफ्नो पुरानो मिथ्यादृष्टि र कुसंस्कारबाट मुक्त हुन सकें, तब मात्र बोधिज्ञान प्राप्त गरी बोध भएँ ।'

यो यथार्थ कुरा सुनिसकेपछि पञ्च भद्रवर्गीय भिक्षुहरूले महसुस गर्न थाले-

'सिद्धार्थ गौतमले पहिला कहिले पनि यस्ता कुरा भन्नुभएको थिएन । अहिले उहाँले नौलो कुरा भन्दै हुनुहुन्छ । यस कुरालाई ध्यानमा राखी हामीले पनि हाम्रा पुराना ब्राह्मण संस्कारलाई त्याग्नु परेको छ ।'

यति महसुस गरी उनीहरूले पनि आफ्ना नराम्रा कुसंस्कारहरूलाई त्यागी बोध भए ।

बुद्धले भन्नुभएको छ -

'सब्बे संखारा अनिच्चिाति यदा पञ्ञाय पस्सति अथ निब्बिन्दति दुक्खे एस मग्गो विसुद्धिया ।

भाव अर्थ -'सबै संस्कार अनित्य छ, परिवर्तनशील छ । यस कुरालाई आफ्ना प्रज्ञा र विवेकबुद्धिले बुझ्न सके आफ्नो जीवन शुद्ध र उज्ज्वल हुनेछ । मानिस असल बन्न सक्नेछ ।'

बुद्ध शिक्षाअनुसार असल मानिस बन्नको लागि आफ्नो नराम्रो संस्कार बदल्न अनिवार्य छ । आफ्नो खराब दृष्टि र आचरण तथा विश्वासलाई ठीक तरिकाले चिनी त्यसलाई ठीक तरिकाले महसुस गर्न सकेमा मात्र आफूलाई आफैले सुधार्न सकिनेछ । आफ्नो जिद्दिपना र अहंकार स्वभावलाई त्याग्न नसकेसम्म सुधार्न असम्भव छ ।

मलाई उपकार गरिरहने मेरा तीनजना उपासकहरू छन् । १५, २० वर्ष भइसक्यो उहाँहरू मेरो सम्पर्कमा आइरहेको छ । तर त्यत्रो वर्षसम्म बुद्ध शिक्षा सिकिरहे पनि उहाँहरूको जिद्दि स्वभावमा रत्तिभर कम भएको देखिएन । यो उपत्यका बाहिरको कुरा गर्दैछु मैले ।

अरुको मात्र के कुरा गर्नु र ? मेरो आफनै जिद्दि स्वभावमा ४० प्रतिशत जति त हटेको छैन । संस्कार बदल्ने कुरा भन्न जति सजिलो छ प्रयोग गर्न त्यति नै कठीन

रहेछ । बुद्धकालीन अरहन्त भन्तेहरूको जीवनी पढ्दा मानिसहरूमा आफ्नो क्लेशलाई दबाउन सक्ने शक्ति भन्ने देखिन्छ । तर संस्कार बदलेको भने देखिदैन ।

उदाहरणको लागि सारीपुत्र भन्तेको बालक कालदेखि नै भ्यागुता उफ्रे जस्तै उफ्रेर हिंड्ने बानि रहेछ । उहाँ अरहन्त भइसक्नुभए पछि पनि होश गुमेको अवस्थामा उफ्री उफ्री हिंड्ने बानी आइरहँदो रहेछ । होश आइसकेपछि भने आफै हराएर जाँदो रहेछ ।

त्यसरी नै महिलाहरूलाई पुरुषसरह समान व्यवहार गर्ने कार्य महाकाश्यप भन्तेलाई पटक्कै मन पर्दैनथ्यो । त्यसैले महिलाहरूलाई भिक्षुणी बनाउने पक्षमा थिएन उहाँ । तर आनन्द भन्ते महिलाहरूलाई समान व्यवहार गर्ने पक्षमा हुनुहुन्थ्यो । त्यसैले उहाँ प्रजापति गौतमीलाई भिक्षुणी बनाउने कार्यमा प्रेरणाको स्रोत बन्नुभयो । यही कारणले बुद्ध परिनिर्वाणपछि आननद भन्तेलाई काश्यप भन्तेले यसरी दोषारोपण गर्नुभयो ।

'महिलाहरूलाई भिक्षुणी बनाउनका लागि यसरी किन दबाब दिएको आदि आदि ।'

एकजना भिक्षु अरहन्त भइसक्दा पनि अरुलाई ए चण्डाल भन्दै सम्बोधन गर्ने बानी बारम्बार आइरहन्थ्यो । त्यसैले यस विषयमा बुद्धसमक्ष गुनासो पुगेछ । यो कुरो सुनी बुद्धले भन्नुभयो -

'त्यस भिक्षु अरहन्त भइसकेको छ । त्यसैले उसको बोलि अशुद्ध र नरमाइलो भए पनि मन भने शुद्ध छ । उसको बालकपनदेखिको सङ्गतले गर्दा उसको नराम्रो बोली व्यवहार हुनपुग्यो । तर उसको नराम्रो बोलीलाई ध्यान नदिनु र चित्त नदुखाउनु नै राम्रो हुनेछ ।

यसरी संस्कारलाई बुझ्न त्यति सजिलो छैन । तर बुद्धकालीन समयमा प्रज्ञानवान् व्यक्तिहरूले संस्कार सबै अनित्य छन् भनी बुझ्न सकेपछि दु:खबाट मुक्त भएको देखिन्छ ।

बुद्ध भन्नुहुन्छ -

'यो च पुब्बे पमज्जितवा पच्छासो नप्पमज्जति
सो इमं लोकं पभासेति अब्भामुत्तोव चन्दिमा ।'

भावार्थ - पहिला अज्ञानी भइरहेको व्यक्ति (खराब संस्कारसहित मानिस) पछि संगत गुणले ज्ञानी हुन्छ, प्रमादि हुँदैन र लापरबाही हुँदैन भने त्यो व्यक्ति जहाँ बस्छ, त्यहाँ उज्ज्वल हुन्छ र शान्त वातावरण हुन्छ । जसरी बादलबाट मुक्त भएको चन्द्रमा चमकदार र उज्ज्वल हुन्छ ।

अर्को पनि एक उदाहरण लिऔं, अंगुलिमाल पहिला अहिंस्रक र असल व्यक्ति थियो । तर परिस्थितिवस् उ खराब साथीहरूको संगतमा परी ज्यानमारा बन्न पुग्यो । यसरी एक अहिंसक हिंसक बन्न पुग्यो । पछि गौतम बुद्ध संगतको परी, बुद्धको शुद्ध मैत्री र करुणाको प्रभावले र बुद्धको कोमल सत्यवचनले गर्दा हिंसक अंगुलिमाल बोध भयो । नराम्रो संस्कार बदल्न सकेको कारणले उ शुद्ध चित्तसहितको व्यक्ति अरहन्त बन्न सक्यो । उसको हृदय परिवर्तन भयो । उसले आफैले महसुस गर्न थाल्यो ।

'म अविवेकी भएर गुरुपूजाको लालचमा परी अहिंसकबाट हिंसक बनें । पापी बनें । बुद्धले असल मानिस बन्ने शिक्षा दिनुभएको कारणले म असल मानिस बन्न सकें । उहाँको मैत्रीपूर्ण वचन सुन्न नपाएको भए मेरो संस्कार नबदलिएको भए म त महापापी हुने थिएँ ।'

अर्को एक घटना पनि स्मरणीय छ । यो पनि बुद्धकालीन घटना नै हो । एक महाक्रोधी, अहंकारी र शोषक आलवक नाम गरेको व्यक्ति थियो । ऊ अलउ जनप्रदको प्रभावशाली र धनाढ्य मुखिया थियो ।

एकपटक बुद्ध धर्मप्रचारार्थ त्यहाँ पुग्नुभएछ । त्यहाँका जनताहरू बुद्धसमक्ष गई यसरी प्रार्थना गरे -

'भो शास्ता । तपाई करुणाका मूर्ति हुनुहुन्छ । हामीले सुनेका छौं, तपाई खराब मानिसहरूलाई दमन गर्नसक्ने महापुरुष हुनुहुन्छ । हाम्रो जिल्लामा आलवक नाम गरेको एक क्रोधी र घमण्डी राक्षस स्वभावको व्यक्ति रहने गर्छ । तपाईंले त्यसलाई असल मानिस बनाई दमन गर्न सके यहाँ ठूलो शान्तिको वातावरणले छाउने छ ।'

ती मीनसहरूको यस्तो कुरा सुनिसकेपछि बुद्धले आवर्जन (विचार) गर्नुभयो -

'आलवकको संस्कार र हृदय बदल्ने खालको हो कि होइन । उ असल मानिस बन्ने संस्कार बोकेको व्यक्ति हो कि होइन ।' यति विचार गर्नु भई बुद्धले फेरि विचार गर्नुभयो -

'आलवकको संस्कार बदल्न सकिनेछ । पहिला मैले उसको वचन पालन गर्दै काम गर्नेछु । उसँग मैत्री पूर्वक कुरा गर्नेछु । अनि उसको ढुङ्गाजस्तो कडा हृदय अवश्य पग्लिनेछ । त्यसपछि त उ असल मानिस बन्नेछ ।'

यसरी बुद्धको मैत्रीपूर्ण व्यवहारले क्रोधि आलवकको नराम्रो संस्कार बदली असल मानिस बन्न थाल्यो । त्यसपछि आलावक पनि बुद्धको राम्रो शिक्षा प्रचार कार्यमा लाग्न थाल्यो । फलस्वरुप त्यस प्रान्तमा शान्तिको वातावरणले छाउन थाल्यो ।

बुद्धले भन्नुभएको कुरा सही हुन पुग्यो । पहिला अज्ञानी व्यक्ति असल बनेपछि ऊ जहाँ रहन्छ त्यस ठाउँ उज्ज्वल हुनेछ ।

कुनै मानिसमा जिद्दि र अहंकारी बन्ने नराम्रो संस्कार जकडिएको पाइन्छ । जति विद्धान भए पनि यो जिद्दि स्वभावको संस्कारबाट मुक्त हुन भने सजिलो छैन । यस्तो स्वभावको मानिस कुनै पनि संस्थाको सल्लाहकार भइदियो भने त्यस व्यक्तिले त्यस संस्थाका अध्यक्ष र सचिवलाई नै बुँख्याचा (निरर्थक) बनाउन खोज्दछ । यस्तो व्यक्तिको अगाडि बहुमतले पास गरेको कार्यक्रम कार्यान्वयन गर्न सकिन्न । उसकै आदेशलाई मात्र सबैले पालन गरिरहनुपर्ने हुन्छ । त्यही जिद्दिवाल व्यक्ति बहुमतले प्रस्ताव पास गर्ने मिटिङ्गमा अनुपस्थित भइरहेको हुन्छ । आफू अनुपस्थित भएको सभामा पारित बहुमतको प्रस्तावलाई उसले नै विरोध गरिरहेको हुन्छ ।

सकारात्मक अर्थमा पनि संस्कारको शब्द प्रयोग हुन्छ र उदाहरणको लागि एकैपटक दर्जनौं व्यक्ति प्रव्रजित भिक्षु हुन्छन् । तर विभिन्न कारणवश केही समयावधिपश्चात् ती दर्जनौं प्रव्रजित भिक्षुहरूमध्ये कतिपयले चीवर त्याग गर्दै गृहस्थी बन्न पुग्छन् ।

अनि दर्जनौं भिक्षुहरूमा एक दुई जनामात्र बाँकी रहन थाल्छन् । यस्तो अवस्थामा पनि यसरी भन्ने गरिन्छ -

'राम्रो संस्कार लिएर आएका रहेछन् । त्यसैले भिक्षु जीवनलाई निरन्तर रुपमा स्थायित्व दिन सकियो ।'

यसरी नै राम्रा र गहकिला कामहरूमा सहयोग पुऱ्याउन सकेमा पनि संस्कार राम्रो भएकोले यो अवस्थामा पुग्न सकियो भनिने गरिन्छ ।

सम्राट अशोक पहिला क्रोधी र जङ्गली स्वभावका थिए । त्यसैले उसको नाम नै चण्डाशोक रहन गयो । पछि एकजना निग्रोध नामक भिक्षुको सही उपदेश सुनी उसको हृदय परिवर्तन भयो । भिक्षुबाट प्राप्त गरेको उपदेश यसरी थियो -

'सैकडौं मानिसहरूलाई मारेर विजय हासिल गर्नुभन्दा आफ्नो मनलाई जित्न सके ठूलो विजय हासिल हुनेछ ।'

संयोग कस्तो परेको रहेछ भने अशोक राजा भर्खरमात्र कलिंग राज्यलाई तहसनहस पारी हजारौं मीनसहरूलाई मारेर लडाइँ जितेर फर्केका थिए । लडाइँमा रगतको खोलो बगेको देखी मन खिन्न पारी बसेका थिए ।

त्यहीबेला श्रमण भिक्षुले अर्को उपदेश पनि यसरी दिएका थिए -

'महत्त्वाकांक्षी र प्रमादी व्यक्ति जति उमेर बाँचे पनि उ मरेको समान हुनेछ । अप्रमादी र होशियारी व्यक्ति मरे पनि उ बाँचि रहेको समान हुनेछ ।'

यी सन्देशहरू सुनेपछि चण्डाशोकको संस्कार बद्लियो । फलस्वरुप उ धर्माशोक बन्न पुग्यो । यसको मतलब अशोक यसपछि प्रजाका संरक्षक बन्न थाले । जनहितका कामहरू गरी असल मानिस बन्न सक्षम भई चण्डाशोकबाट धर्माशोक बने । यसरी सम्राट अशोकले आफ्ना खराब र नराम्रा संस्कारहरू त्यागी राम्रा संस्कारहरूको सुरुवात गर्न थाल्यो ।

बुद्धको उपदेशलाई बुझी बुद्धलाई प्रशंसा नगर्ने व्यक्ति त कमै होलान् । तर बुद्ध शिक्षा अध्ययन गरे पनि आ-आफ्ना नराम्रा संस्कार त्याग गर्न सक्ने मानिसहरू पनि कम नै देखिन्छन् । यो एक अपशोचको कुरो हो । त्यसैले होला एकजना त्यागी गुरुमां भन्नुहुन्छ -

'बुसें बोगु बानी सिसें तिनी तनीका'

अर्थात् जन्मँदादेखि नै लिएर आएको कुसंस्कार मरेपछि मात्र हराउनेछ ।'

❖❖❖

# बुद्ध व्यक्ति होइन विचार हो

✍ डी.आर. शाक्य 'ऋषि'

बुद्ध शब्द यस्तो शब्द हो, यो शब्द आजको संसारमा नसुन्ने सायद विरलै होला । के संसारका मानिसहरू बुद्ध शब्द सुनेर बुद्धको अर्थ, परिभाषा र दर्शन बुझेर बौद्ध धर्मावलम्बी भएर हो त ? वास्र्तवमा त्यस्तो मान्यता पनि छैन । तैपनि बुद्धको नाम सुनेका छन् । तर किन बुद्ध शब्द र बुद्धको नाम यो संसारमा व्यापक भयो ? वास्तवमा भन्ने हो भने आजको विश्व भनेको विज्ञान र भौतिक युगको विश्व हो । यो विश्वमा आज तनाव र भयावाह किसिमको वातावरण पनि छ । यस्तो अवस्थामा जे जस्तो भए तापनि मानिसहरूलाई अवश्य मेव शान्तिको राहत चाहिन्छ । तर शान्ति सबैले भन्छ तर शान्तिको आवश्यकता पूरा भएको महसुस नै गर्नसक्दैन । यस्तो परिस्थिति वा अवस्थामा बुद्ध शब्द र बुद्ध नामले पनि कता कता सितलता वा शान्ति अनुभूति भएजस्तो लाग्छ । किनकि बुद्धको विचार नै बि:शुद्ध मानवतावादी, शान्तिवादी, अहिंसावादी, करुणावादी भएकोले सामान्य रुपले भए पनि बुद्धलाई यसरी सम्झिने गरिन्छ । यद्यपि विश्वका समस्त मानव जगतले नै बुद्धको मानवतावादी धर्म दर्शन बुझेर जीवनमा उतारेको भए विश्वका मानव जगतको कल्याण हुने होला । तर यो कुरा पनि सम्भव छैन । बुद्धले पनि यति कुरा सोचेकै थिएन । किनकि बुद्ध धर्म सर्वजन हितायभन्दा पनि बहुजन हिताय मात्र हो । त्यसकारण बुद्धको समयमा उक्त धर्म, दर्शन जम्बुदिपमा मात्र फैलिएको थियो । जुन धर्म आज विश्वका एक तिहाइ मानिसहरूबाट मान्ने गरिन्छ । हुन त बुद्धका विचार मान्ने मानिसहरू सबै एउटै विचारको मात्र अवश्य पनि होइन होला । मूलभूत रुपमा मैत्री, करुणा, शान्ति र अहिंसाको रुपमा त सबैले मान्ने गरिन्छ बुद्धको विचारलाई । वास्तवमा बुद्ध शब्द दुई अक्षरले मात्र बनेको छ । यति छोटो राष्ट्रभित्र कति मानवीय जीवन दर्शन र भौतिक र आध्यात्मिक जीवन दर्शन लुकिरहेछ भने कुरा त कतिलाई ज्ञात छ होला ? तर सामान्य रुपमा भन्नुपर्दा बुद्ध शब्द भनेको बोध: भएको जागृत भएको बिऊँझिएको चेतनाको उत्कर्षतामा पुगेको व्यक्तिको गुणलाई नै बुद्धको संज्ञा दिन्छ । तर अर्को भाषामा बौद्ध साहित्य अनुसार भन्नुपर्दा यति कुराबाट पनि बुद्ध शब्दको अर्थ पूर्ण भएको जस्तो लाग्दैन । एकातिर उक्त साहित्यअनुसार बुद्ध शब्द वा बुद्ध नाम पनि दुर्लभ मानिन्छ । तर पनि किन हो आजको विश्वको विभिन्न ठाउँमा बुद्धका मूर्तिहरू धेरै देखिन आउँछ र बुद्धको नाम धेरै सुन्न पाइन्छ भने कसरी बुद्ध शब्द वा बुद्ध नाम दुर्लभ हुन्छ ? वास्तवमा यो कुरा पनि साँचो हो । तर यस कुरालाई पनि बौद्ध साहित्य अनुसार बुझ्ने हो भने बुद्ध शब्द वा नामको अवधि समयको कुरालाई पनि बुझ्नुपर्छ । अनिमात्र बुद्ध शब्द बुद्ध नाम दुर्लभ छ भन्ने कुरा बुझिन्छ ।

बौद्ध साहित्यअनुसार यो धर्तीमा सिद्धार्थ गौतम बुद्धसहित २८ जना बुद्धहरू उत्पति भएको कुरा उल्लेख भएको छ । जुन बुद्ध उत्पति भएको ठाउँलाई विशाल भूभाग भएको स्थान जम्बुद्वीप भनिन्थ्यो पछि भारत वर्ष भन्न थालियो । उक्त द्वीप भित्र नेपाल पनि पर्न आउँछ । यही नेपालकै भूभागमा वा लुम्बिनीकै आसपासमा तिन जना बुद्धहरू उत्पति भएको कुरा लुम्बिनी र लुम्बिनी आसपासका अशोक स्तम्भमा उल्लेखित अशोक अभिलेखबाट थाहा पाउन सकिन्छ । यस कुराले नेपालीहरूले गौरव एवम् भाग्यशाली र बुद्धका विचार धर्म दर्शन बुझ्नुपर्ने हो साथै तदअनुसार केही न केही भए पनि सद आचरण एवम् व्यवहार हुनुपर्ने हो । तर विडम्बना छ यहाँ जति बुद्ध जन्मे पनि के नै मतलब रह्यो । यस्तो दुनियाँमा पनि बुद्धको

विचार प्रभाह आजसम्म भइरहनु । आश्चर्य छ ! वास्तवमा यस्तो समयलाई र बुद्ध शासन काल (Buddha period) नै मानिन्छ ।

बुद्धसम्बन्धी विभिन्न विचार आजको संसारमा व्याप्त छ । बुद्धलाई वा बुद्ध विचारलाई आजको मानव जगतले अनेकौं विचारकको रुपमा प्रस्तुत गरिएको छ । कसैले बुद्धलाई राजनीतिक विचारकको रुपमा, कसैले सामाजिक विचारकको रुपमा, कसैले वैज्ञानिक विचारकको रुपमा, कसैले दार्शनिक विचारकको रुपमा कसैले देवता ईश्वरको रुपमा प्रस्तुत गरी मानिसहरू आ-आफ्नो विचारले हेर्दै आएको देखिन्छ । यी सबै कुरा बुद्धमा निहित छ होला । तर बुद्ध एउटै व्यक्तिको विचारमा मात्र केन्द्रित भएको छैन । जस्तै समाजवादी विचारकअनुसार बुद्ध पनि समाजवादी हो । प्रजातन्त्रवादी विचारकले बुद्ध पनि प्रजातन्त्रवादी मानिन्छ । दार्शनिकहरूले बुद्ध एक महान् दार्शनिक भएको देखिन्छ । क्रान्तिकारीहरूले बुद्ध पनि क्रान्तिकारी भएको देखिन्छ । यसरी बुद्धका अनेकौं विचारलाई भिन्नभिन्न विचारधाराका मानिसहरूले आ-आफ्नो दृष्टिकोणले बुद्धलाई देखिनु स्वाभाविक कुरा भए तापनि मूल बुद्ध विचार के हो ? भन्ने कुरा बुझ्नु पनि अत्यन्त जरुरी छ । तब मात्र बुद्ध शब्द बुद्ध नाम र परिभाषा बुद्ध दर्शन भेटिन्छ । तर बुद्ध व्यक्ति होइन विचार हो ।

आजभन्दा २६०० वर्ष पहिलेको तत्कालीन बुद्धको समयमा बुद्ध शब्दबाट नै धर्मको नयाँ आयाम प्रारम्भ भयो । जुनबेला जाति, वर्ग, लिङ्गको कुरा थियो । त्यो कुरो तत्कालीन यथास्थितिवादी धर्मको नियमको परिधि भित्र कैद थियो । मानवीय विचारको स्वतन्त्रतामा पाबन्दी थियो । जुन अमानवीय धर्मको बोलवाला थियो । अमानवीय धर्मको पर्खाल थियो । त्यो सबै कुरा बुद्धको प्रार्दुभाव पछि बुद्धका विशुद्ध मानवतावादी विचार तथा ज्ञानबाट विस्तारै विस्तारै कमजोर हुँदै गयो । यसरी बुद्ध ३५ वर्षको उमेरमा सम्यक सम्बुद्धत्व : (कुनै गुरुविना नै आफैले ज्ञान लाभ गरी बुद्ध बनेको र सोही ज्ञान जनताहरूलाई वित्तरित गरी जीवनमुक्त जनाउन सक्ने क्षमता भएको) लाभ गरी उक्त विचार ज्ञान बहुजन हीत सुखको लागि ४५ वर्षसम्म प्रचारप्रसार गरी ८० वर्षको उमेरमा आफ्नो भौतिक देहः त्यागः गरी महापरिनिर्वाण (जन्म मरणबाट मुक्त भएको) हुनुभयो । त्यसपछि बुद्धको उक्त विचारहरू गुरु शिष्यः परम्पराअनुसार सञ्चालित भए । आज भारत वर्षको सिमानाबाट पार तरेर विश्वको धरातलमा समेत बुद्ध शब्द बुद्ध नाम र बुद्ध विचार सम्प्रेसन भयो । तर यसबाट बुद्धको विचार पनि स्थानअनुसार समयअनुसार आ-आफ्नै किसिमले पनि मानिसहरूले बुझ्न थाले । यस लोकमा आजसम्म ३८ जना बुद्धहरू उत्पत्ति भयो भन्ने कुरा बौद्ध साहित्यमा उल्लेख गरिएको छ । यी सबै बुद्धको दर्शन, विचार पनि एउटै हुन्छ भन्ने कुरा भिक्षु आनन्दलाई यसरी भन्नुभएको थियो -

'सब्व पापस्स अक्करणं कुसलस्स अपसम्पदा ।'
सच्चित परियोदपनं बुद्धानु सासनं ॥'

अर्थः- कुनै पापकर्महरू नगर्नु । कुसलकर्महरू सञ्चय गर्नु यही नै बुद्धहरूको अनुशासन हो । वास्तवमा एउटा बुद्ध उत्पति हुन असंख्य समय लाग्छ तर पनि सबै बुद्धहरूको विचार सिद्धान्त दर्शन एउटै हुन्छ । त्यो हो कुसल कर्म गर्नुनै बुद्ध विचार हो । कुसल कर्म गर्नु भनेको नै दुःख मुक्ति पाउनु हो । दुःख मुक्ति पाउन शिल, समाधि प्रज्ञायुक्त हुनुपर्छ अर्थात् आर्य अष्टांगिक मार्ग (मध्यम मार्ग) अनुसार हिंड्नुपर्छ भन्ने कुरा बुद्धका मुख्य विचार हुन् । त्यसैकारण चार आर्यसत्य धर्म बुझेर भवचक्रहरूबाट पार तर्ने वा मुक्त हुने उपाय नै सबै प्रकारका बुद्ध विचार हो । त्यसैले बुद्ध शब्द बुद्ध नामको अर्थ यसरी भएको छ । चतुआर्यसत्य धर्मलाई यथार्थ रुपमा बुझ्ने र सोहीअनुसार काम गर्ने व्यक्ति गुण नै बुद्ध हो । यी नै कारणले बुद्ध भएपछि सम्पूर्ण अविद्या नष्ट भयो । विद्या उत्पन्न भयो । सम्पूर्ण अन्धकार (अज्ञानता मिथ्यादृष्टि) नष्ट भयो र आलोक (प्रकाश) उत्पन्न भयो । अमृतको द्वार खुल्यो (जन्ममरणबाट मुक्त) भनेर उद्घोष भएपछि बुद्धका उक्त विचार तत्कालीन अरु धर्मका रक्षक धर्मका अधिकारी/वैदीक सन्त महन्तहरू । तीर्थङ्कर साधुहरू । पण्डित ब्राम्हणहरूसमेत बुद्धको विचार सिद्धान्त तथा दर्शनलाई अनुग्रहण गरी अनुत्तरित जीवनयापन गरी बुद्धको अनुचक हुन पुग्यो । जुन दर्शन र विचार बुद्धवाद हो । यो नै दुःख मुक्तिवाद पनि हो । यो नै बुद्धका विचार हो । भवतु सव्ब मंगल ॥

❖❖❖

# बुद्ध भूमि नेपालमा बोधिसत्वहरूको नि:स्वार्थयोगदानको पाठ हाम्रा नेताहरूले सिकून्

✍ तेजरत्न शाक्य

बोधिचित रुपी चिन्तामणिको सम्यक रुपबाट (फेरि नास नहुने गरी उत्पाद गराउन) को लागि म भगवान बुद्धको सम्यक पूजा गर्छु । यो बुद्ध पूजा हो । त्यस्तै आगम र अधिगमरुपी निर्मल प्रकृति प्रभास्वर त्रिकोटि परि शुद्ध र सबै कल्याणयुक्त सध्दर्मरुपी रत्नको त्यस्तै ढङ्गले पूजा गर्छु । यो धर्मको पूजा हो । अनि गुणका सागर समान भएका आर्य अवलोकितेश्वर बोधिसत्वको पनि पूजा गर्छु । यो संघको पूजा हो । यसरी बुद्ध धर्म र संघ त्रिरत्नको पूजा भयो ।

यहाँ सम्यक भन्नाले राम्रोसँग, कसैको करबल गरेजस्तो नभइ भित्रदेखि चाहना र अभिरुचि लिएर फेरि कहिल्यै कम हुन नदिने गरी ग्रहण गर्ने हो । यसरी 'बोधिचर्यावतार' ग्रन्थको पहिलो परिच्छेदमा उल्लेख भएअनुरुप प्रस्तुत गरेको छ । बोधिचर्यावतार भन्ने ग्रन्थको पुरा नाम बोधिसत्व चर्यावतार हो जसको अर्थ हो बोधिसत्वको चर्यामा प्रवेश गर्ने ढोका । बोधिसत्व भनेको त्यो व्यक्ति हो जसले यात बोधिसत्वयानबाट दर्शन मार्गमा प्रवेश गरी प्रथम भूमिस्थ आर्य बन्नको लागि बोधिचित उत्पाद गरेर अभ्यास गर्ने व्यक्ति हो । जसरी श्रावकयानका अभ्यासहरूमा सर्वप्रथम श्रोतापन्न बनाउने र त्यसपछि क्रमश: सकृदागामि, अनागामि र अर्हत मार्ग एवम् फलचित उत्पाद गरी अर्हत बन्नको लागि प्रतिबद्ध हुन्छ । अभ्यासमा उत्तीर्ण भै निर्वाण प्राप्त गर्दछ । महायानका अभ्यासहरू पनि मुख्यत दर्शन मार्गमा प्रवेश गराउने र अन्त्यमा दशौं भूमि पार गराउँदै बुद्ध बन्नको लागि हुन् ।

बोधिसत्व चर्या भनेको बोधिसत्वले गर्नुपर्ने पारमिता-सत्वहितार्थको काम, कर्तव्य र योगदान समाहित छ । त्यही भएर बोधिसत्वमार्ग बोधि चितोत्पादबाट सुरु हुन्छ । तर पनि व्यक्ति आफूले केही गर्नुभन्दा अघि त्यसको महत्त्व र मूल्य आदि बुझि राख्नुपर्ने हुन्छ । त्यही भएर बोधिचर्यावतारका रचनाकार आर्य शान्तिदेवले पापदेशनाको दोस्रो परिच्छेदमा नै बोधिचितको अनुशंसाबाट सुरु गर्नुहुन्छ । जब बोधिचितोत्पादको महत्त्व बुझिन्छ तब आफ्ना पहिले गरेका अकुशलहरूबाट चित्तलाई मुक्त गराउन पापको प्रायश्चित गर्नुपर्ने हुन्छ । त्यो पापदेशना हो । बोधिचितोत्पाद भन्दा अगाडिको चरण हो ।

जबसम्म कुशल, अकुशलशील इत्यादिको विषय आफूलाई स्पष्ट हुँदैन र अकुशल भनेको त्याग्नै पर्ने कुरा हो भने ज्ञान हुँदैन तबसम्म त्यो बोधिचित भन्ने चेतना उत्पन्न गर्नुको कुनै औचित्य कारण हुँदैन । किनकि मानिसहरूमा ती अकुशलहरू हाम्रो अचेतन (unconscious) मा घुसेर बसिराखेका हुन्छ र चित्तलाई प्रभाव पारी राख्छन् । चित्तले पहिलेको अकुशलप्रति सचेत भइ गलत रहेछन् भने कुरा पूर्ण रुपमा होस सहित महसुस गरेपछि नै त्यस्ता नकारात्मक प्रभावबाट चित्तलाई मुक्त पार्ने चाहना गर्नेलाई पापदेशना भन्दछ ।

त्यसपछि बोधिचित कसरी ग्रहण गर्ने विषयमा बोधिचर्यावतारको तेस्रो परिच्छेदमा बोधिचित परिग्रह भनेर दिइएको छ । यो बोधिसत्व संवरलाई ग्रहण गर्ने औपचारिक विधि हो र यसमा त्रिरत्नशरण गमनपछि पंचशील स्वत:

अर्न्तनिहित हुन्छ । यसै मेसोमा षट्पारमिता नै बोधिसत्व चर्या हो । यसमा क्रमश: दान र शील बुद्ध धर्मको आधारभूत पाइला हुन् । जुन बोधिसत्व मार्गको लागि अपरिहार्य मानिन्छ । त्यसरी नै अप्रमाद्ध र सम्प्रजन्य भन्नाले संसारिक सुखमा नभुल्ने होस्को परिभाषाभित्र आउँछ । यो कुशल तत्वको रक्षा गर्ने र अकुशल उत्पन्न हुन नदिने शीलकै व्यवहारिक पक्षभित्र पर्दछ । कुशल धर्महरूको प्राप्तिको लागि पछि लाग्नु नै अप्रमाद हो । अङ्गुतर निकायमा यसलाई इन्द्रिय गुप्ति भनी उल्लेख भएको जनाइएको छ ।

बोधि भनेको सम्पूर्ण ल्केशावरण र ज्ञयावरणलाई प्रहाण गरेर सबै धर्महरूको निस्वभावताको साक्षात्कार गर्नु हो । त्यस्तो बोधिलाई प्राप्त गर्नको निम्ति लागेको चित्र नै बोधिचित हो । अत: त्यो बोधि अध्यासय (विश्वास) पूर्वक मनमा लिनु नै बोधिचित भयो । यसको स्वरुपलाई संक्षेपमा बताउने हो भने सबै प्राणीहरूलाई दु:खबाट मुक्त गराउन (गर्न) बुद्ध बन्न सकु भन्ने भाव उत्पन्न भएको चित्त नै बोधिचित हो ।

**बोधि तीन प्रकारका छन् :**

**१. श्रावक बोधि :**

श्रावकको साधारण अर्थ स्रोता (मानिसहरू जतिसुकै तीक्ष्ण र सहज प्रज्ञावान भए तापनि कम्तीमा स्रोतापन्न हुनलाई अरुसँग उपदेश सुन्नुपर्छ जस्तै शरिपुत्रले बुद्ध धर्ममा प्रवेश गर्नु अगाडि अस्सजित भन्तेकोउपदेश सुनेर मार्गफल पनि प्राप्त गरे । यसरी अरुसँग उपदेश सुनेर मात्र पनि अवबोध हुने हुनाले स्रोतापति भयो । त्यसपछि सकृदागामि, अनागामि र अरहत मार्गका आर्यहरूलाई श्रावक भनिएका हुन् ।

**२. प्रत्येक बोधि :**

अरुबाट धर्मश्रवण नगरी एउटा निमित लिएर जस्तो पठिच्चसमुत्पाद (प्रतीत्यसमुत्पाद) को विचार गरी आफू एक्लैलेनिर्वाण वा अवबोध गर्नेलाई प्रत्येक बुद्ध भनिन्छ । उसको बोधिमा अरुलाई भने निर्वाण ओवाद वा उपदेश दिने गर्दैन । आफू एकलै बोध भइ बुद्ध हुने प्रत्येक बोधी हो ।

**३. सम्यक सम्बोधि :**

आफू स्वयम्ले ज्ञान प्राप्त गरी निर्वाण बोध गर्नसक्ने र अरुलाई समेत उपदेश दिने सामर्थ्यता प्राप्त व्यक्ति, सम्यक सम्बुद्ध, आजभन्दा २६०० वर्ष अगाडि नेपाल लुम्बिनीमा जन्मनुभयो । उहाँ राजा शुद्धोधनका सुपुत्र राजकुमार सिद्धार्थले २९ वर्षको उमेरमा महाभिनिष्क्रमण गरी बनान्तर भै ६ वर्षसम्मको तपस्याबाट सम्यक सम्बोधि ज्ञान लाभ गरी बुद्ध हुनुभयो । उहाँले बुद्ध हुनुभन्दा अगाडि बोधिसत्व भइ दानपरमितादेखि सुरु गरी षटपारमिता चर्यामा क्रमश: उत्तीर्ण हुनुहुने अरु बोधिसत्वहरूका बारे 'दश पारमिता' ग्रन्थमा स्व. आचार्य कुमार काश्यप भन्तेका अनुसार बोधिसत्वहरूका निस्वर्थ त्याग, बलिदान-योगदान गाथा-जातक वर्णन र अवदान साहित्यहरूबारे नेपाल मण्डल काठमाडौं उपत्यकामा धेरै बौद्ध जनमानस तथा आध्यात्मिक रुचिका नेपालीहरू भेटिन्छन् ।

*२०७०/९/११*

❖❖❖

# कुशल धर्म:

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।

२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।

३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।

४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।

५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।

६) अरुको सेवा (परोपकार) गर्नु ।

७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।

८) सारयुक्त कुराहरुमा मात्र चिन्तन-मनन गर्नु ।

९) सत्य, यथार्थको खोजमा लाग्नु ।

१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

*साभार : बुद्ध र उहाँको धर्म*



# हल्याण्डका एक बौद्ध विद्वान
# प्रो. हेन्द्रिक कर्न

✍ रत्नसुन्दर शाक्य

१९ औं शताब्दीमा युरोपमा बुद्ध धर्मको प्रचारप्रसार गर्नमा अग्रणी भूमिका निभाउनुभएका बौद्ध विद्वानहरूमा हलैण्डका प्रो हेन्द्रिक कर्न (Prof. Hendrik Kern) पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म सन् १८३३ मा हलैण्ड (Holland/ Netherland) को उपनिवेश भएको एक देश- इन्दोनेसियाको जावामा भएको थियो । उहाँले आफ्नो प्रारम्भिक एवम् माध्यमिक शिक्षा जावामै पूर्ण गर्नुभएको थियो । त्यसताका जावामा उहाँले आफ्नो अध्ययन संस्कृत भाषा एवम् साहित्यको वातावरणमा गर्नुभएको प्रति फलस्वरुप नै पछि उहाँ संस्कृत-बौद्ध साहित्यका एक प्रमुख उद्धारक हुनुभएको थियो ।



उहाँले आफ्नो उच्चशिक्षा युरोपमा आएर नै प्राप्त गर्नुभयो । आफ्नो अध्ययनको समाप्ति पश्चात् उहाँ आफ्नै देशको Leyden University मा संस्कृत प्रोफेसरको रुपमा नियुक्त हुनुभयो । स्मरणीय छ, उहाँ सो विश्वविद्यालयमा संस्कृतका प्रोफेसर नियुक्त हुनु अगाडि उहाँले केही वर्ष भारतमा पनि जीवन बिताइसक्नुभएको थियो ।

हलैण्डको 'लिदेन विश्वविद्यालय' मा संस्कृत विभाग सन् १८६५ देखिमात्र खोलिएको थियो जब कि युरोपका अन्य प्रमुख देशहरू -इङ्गलैण्ड, जर्मन, फ्रानस एवम् डेनमार्कमा संस्कृत एवम् पालि भाषाको समेत विभाग १९ औं शताब्दीको मध्यसम्ममा खोली निकै प्रगति गरिसकिएको थियो ।

हेन्द्रिक कर्न - एक विलक्षण बहुभाषाविद् एवम् प्राच्यविद्को रुपमा योग्यता हासिल गरिसक्नुभएको व्यक्ति हुनाको कारण लिदेन विश्वविद्यालयले त्यससम्बन्धी विभाग स्थापना गरी त्यसको प्रमुख (Dean of Facility of Oriental Studies) उहाँलाई नै नियुक्त गरिएको थियो । साँच्चै नै उहाँले सो विद्यालयमा आफ्नो बहुमुखी प्रतिभाको कारण ४-५ जना प्रोफेसरहरूको क्षमता अनुरुप नै रही उक्त विभागको गतिविधि बढाउँदै जानुभएको थियो ।

प्रो. हेन्द्रिक कर्नले सो विश्वविद्यालयमा अध्ययनरत कयौं विद्यार्थीहरूलाई निकै सक्षम बनाउँदै लग्नुभयो । ती विद्यार्थी एवम् शिष्यहरूमध्ये एक हुनुहुन्थ्यो - जे.एस. स्पेयर (J.S. Speyer) वहाँ नै हेन्द्रिक कर्नपश्चात् सन्

१९०४ देखि लिदेन विश्वविद्यालयमा संस्कृतका प्रोफेसर नियुक्त हुनुभएको थियो साथै आफ्ना गुरुवरको आदेशअनुसार क्यौं प्राचिन संस्कृत बौद्ध शुन्यहरूको उद्धार कार्यमा पनि दत्तचित्त भई लाग्नुभएको थियो ।

हेन्द्रिक कर्नले सन् १८५२ देखि १८७५ सम्ममा ७ विशाल खण्डको रुपमा रहेको -रुसका सुप्रसिद्ध संस्कृतिविद् ओट्टो बोटलिङ्ग (Otto Bohtlingk 1815-1904) ले तयार गर्नुभएको 'बृहत संस्कृत शब्दकोश - जसलाई 'बृहत पीटर्सवर्ग कोष' (Petrograd Dictionary) पनि भनिन्छ, तयार गर्नमा सहयोग दिनुभएको थियो । यस 'बृहत संस्कृत शब्दकोष' तयार गर्नमा ओट्टो बोटलिङ्गलाई विशेष सहयोग जर्मनका सुविख्यात् संस्कृतिविद् रुडोल्फ रोथले गर्नुभएको थियो त अन्य सहयोगीहरूमा बर्लिनका प्रो. अल्ब्रेच्ट वेबर, अमेरिकी संस्कृतविद् विलियम विटनी र पीट र्सवर्गकै संस्कृतिविद् अन्तोन शिफ्नेरले पनि हेन्द्रिक कर्नले जस्तै सहयोग गरेका थिए ।




प्रो. हेन्द्रिक कर्नले सन् १८८२-८४ भित्रमा एक सुविख्यात कृतिको रचना गर्नुभयो, ती हुन् 'Manual of Indian Buddhism' । यस कृति एकदशकपछि सन् १८९६ मा मात्र प्रकाशित भएको थियो त यसको फ्रेन्च र जर्मन भाषामा अनुवाद तत्कालै भएको थियो । यसको जापानी भाषामा अनुवाद सन् १९१३ मा देखिन आयो ।

प्रो. कर्नले सन् १८८४ मा प्राचीन एक महायानी संस्कृत बौद्ध ग्रन्थ - 'सद्धर्मपुण्डरिक' लाई अंग्रेजी भाषामा अनुवाद गरी 'Lotus of the True Law' को नामबाट प्रकाशित गर्न सफल हुनुभएको थियो । यस कृति जर्मनका सुप्रसिद्ध संस्कृतिविद् प्रो. फ्रेडरिक मैकसमूलर (सन् १८२३-१९००) को सम्पादनमा पूर्वीय पवित्र ग्रन्थमाला (The sacred Books of the East) को २१ औं ग्रन्थको रुपमा प्रकाशित भएको थियो ।

प्रो. हेन्द्रिक कर्नले 'सद्धर्मपुण्डरिक ग्रन्थपश्चात् इशाको चारौं शताब्दीको संस्कृति कवि आर्यशुरको 'जातकमाला' लाई प्राचीन हस्तलिखित नेवारी लिपिबाट सम्पादन गरी सन् १८९१ मा Harvard Oriental Series को पहिलो ग्रन्थको रुपमा प्रकाशित गर्नुभएको थियो । यसै ग्रन्थलाई उहाँकै शिष्य जे.एस. स्पेयरले अंग्रेजी भाषामा अनवुाद गरी अक्सफोर्ड विश्वविद्यालयको बौद्ध पवित्र ग्रन्थमाला (The Secret Books of the Buddhists) को पहिलो ग्रन्थको रुपमा सन् १८९५ मा प्रकाशित गर्नुभएको थियो ।

स्मरणीय छ, आर्यशूरको उक्त 'जातकमाला' को मूल संस्कृत कृति सन् १८२८ मा नेपालमा ब्रिटिस रेजिडेन्टको रुपमा रहँदै आएका बी.एच. हडसन (B.H. Hodgson, 1800-94) लाई पाटनस्थित उहाँका एक सहृदीय मित्र शाक्यभिक्षु अमृतानन्दले प्रदान गरेका थिए । यसैलाई उहाँले युरोप पुऱ्याई उक्त ग्रन्थको उद्धार गर्नुभएको थियो ।

यसप्रकार १९ औं शताब्दीमा बुद्ध धर्मका केही विशिष्ट ग्रन्थहरू सम्पादन एवम् अनुवाद गरी उद्धार गर्नुको साथै क्यौं बुद्ध धर्मका हितचिन्तक विद्धानहरू प्रादुर्भाव गराई प्रो. हेन्द्रिक कर्नले आफ्नो उद्देश्यपूर्ण ८४ वर्षको जीवनकाल सन् १९१७ मा अन्त गर्नुभएको थियो ।

सन्दर्भ

१) भारतको छवि - डा. बोगार्द लेविन र अ. विगासिन
हिन्दी अनुवादक - योगेन्द्र नागपाल प्रगति प्रकाशन
मास्को सन् १९८४

२) The Western contribution to Buddhism -
William peiris
motilal Banarasidas
Jawahar Nagar
Delhi-7-1973

❖❖❖



# म्ये

✍ गोपीकृष्ण प्रजापति

भगवानया ज्ञान बुद्धि काये सयुकि पासापिं !
ज्ञानयात व्यवहारे छ्यले सयुकि
अथे मखुसा पासा भ्कीत लोभी धायुयो ।

चाकुइ भुजिं भुंथें लोभं भ्कीत भुनेयो ।
चाकु ननं चाकुइ तुं तुति क्यंथे
जालं भ्कीत क्यनेयो ।
अथे मखुसा पासा भ्कीत लोभी धायुयो ।

प्वा जा:सां लिहाँ वये मस
लोभं थाक्व थें च्वनि,
घुर्के मते सा:गु खनेवं
सागुलि विष नं दयुयो ।
अथे मखुसा पासा भ्कीत लोभी धायुयो ।

ल्ववंके मते पासा बाँलापिं खनेवं
मनयात एकचित्त यायेे सयुकि ।
तृष्णा धैगु याये मज्यू गबलें तृष्णां दु:ख वयुयो
अथे मखुसा पासा भ्कीत लोभी धायुयो ।

❖❖❖

# गर्ने नै हो भने

✍ नारायणदेवी प्रजापति

*आशक्ति गर्ने हो भने - शुद्धमा ज्ञानमा गरौं ।*
*हिंसा गर्ने हो भने - आफ्नो अज्ञानताको गरौं ॥*
*लोभ गर्ने हो भने - भगवानको स्मरणमा गरौं ।*
*मोह गर्ने हो भने - भगवानको लीलामा गरौं ॥१॥*

*प्रेम गर्ने हो भने - ज्ञानको रसपानको गरौं ।*
*ईर्ष्या गर्ने हो भने - आफ्नो अहंकारको गरौं ॥*
*क्रोध गर्ने हो भने - आफ्नो दुष्कर्मको गरौं ।*
*वैरी नै गर्ने हो भने - आफ्नो दुर्गुणको गरौं ॥२॥*

*प्यास नै बुझाउने हो भने -चार आर्य सत्यता जानेर बुझौं ।*
*त्याग नै गर्ने हो भने -कुसंगतलाई त्यागने गरौं ॥*
*गर्ने नै हो भने - शुद्ध ध्यान भावना गर्ने गरौं ।*
*बुझ्ने नै हो भने - सँधैं चित्त समतामा स्थिर गरौं ॥३॥*

*जाने नै इच्छा भए - सत् संगतमा जाने गरौं ।*
*हेर्ने नै इच्छा भए - निर्मल चित्तले हेर्ने गरौं ॥*
*चाहना नै गर्ने हो भने - ज्ञानको सागरमा डुब्ने गरौं ।*
*कामना नै गर्ने हो भने - निर्वाण पदको कामना गरौं ॥४॥*

*भवतु सब्ब मङ्गलं*

हाम्रो नारा समाजवाद छ तर, हामी धनीमानी सामन्तका रक्षक बनि हाम्रो नारा साम्यवाद छ तर, मौका मुताविक सबैका दलाल पनि हाम्रो नारा प्रजातन्त्र छ तर, मन्त्री बन्ने मात्र लक्ष्य छ पाए देशतिर नपाए विदेशतिर लाग्ने हामी अवसरवादी हौं ।

*धर्मरत्न 'यमि'*

शान्ति नै मानव जीवनको मूल मन्त्र हो । शान्ति विना मानव जीवन जतिसुकै सम्पन्न, बलवान भए पनि प्राय: व्यर्थ नै हुन्छ ।

*बुद्ध र उहाँको धर्मबाट*



# इटुं बहालको प्रज्ञापारमिता, खस नेवार सम्पर्कको नतिजा

✍ ओम धौभडेल

काठमाडौ उपत्यका लगायतको नेपाल मण्डलबारे बरोबर चर्चा आईरहने क्रममा नेपाल मण्डलसँग सम्बन्ध राख्ने सिम्रौनगढ र खस राज्यबारे त्यति चर्चा भएको पाईदैन । त्यसमा पनि भौगोलिक दृष्टिकोणले अत्यन्त टाढा रहेको कर्णालीको राज्यको त थोरै मात्र जानकारी प्रकाशमा आएको सन्दर्भमा नागराज जावेश्वरले स्थापना गरेको खस राज्यको धार्मिक सम्बन्धबारे थोरै चर्चा गर्नु प्रयास यहाँ गरिन्छ । नागराजको वंशमा चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल, अशोक चल्ल जितारी मल्ल, रिपु मल्ल, कल्याण मल्ल, प्रताप मल्ल, पुण्यमल्ल पृथ्वीमल्ल, अभयमल्ल जस्ता खस राजाहरुले शासन गरेका देखिन्छ ।

पश्चिम नेपालको कर्णाली राज्यमा ऐतिहासिक कालमै शैव धर्मको साथसाथै बौद्ध धर्मले समेत महत्वपूर्ण स्थान पाएको इतिहासले बताउँछ । अझ खस राज्य स्थापना पश्चात बौद्ध धर्म सम्मानित हुन पुग्यो । नागराजको क्राचल, अशोक चल्ल, रिपु मल्ल, प्रताप मल्लहरु बौद्ध धर्मका उपासक रहेको पाइन्छ । ऐतिहासिक रुपमा अघिल्ला राजाहरु बारे बताउने कुनै स्रोत फेला नपरे पनि क्राचलको केही प्रमाणहरु महत्वपूर्ण छ । उनले आफ्नो नामसँग परमसौगात अर्थात बुद्धका ठुला उपासक भनि लेखाएका प्रमाण मौजुद छ । त्यसो त उनी अन्य धार्मिक सम्प्रदायलाई पनि उतिकै आदर गर्थ्यो भन्ने प्रमाण पनि नभएको होइन ।

यस पछिका शासक अशोक चल्लको बौद्ध धर्म प्रति अगाढ आस्था रहेको पुष्टि हुन्छ । बोध गयाका एक अभिलेखमा अशोक चल्लले आफूलाई हेव्रजचरण बिन्दमधुकर विशेषण लगाएको बाट त्यस ताका कर्णाली राज्यमा हेवज्र अर्थात बज्रयान सम्प्रदायको विकास चरण अवस्थामा रहेको पुष्टि हुन्छ । विशेषगरि तान्त्रिक विधि शोधन गरि मेघ (बादल) फटाउने, पानी पार्ने, आफूलाई आवश्यक ठाउँमा पानी पार्ने, असिना पानी स्थानान्तरण गर्ने, मात्र हैन तन्त्र शोधन गरी शत्रुलाई पराजय गर्ने समेत हेवज्रमा आउँछ । नेपाल मण्डलमा समेत सान्है लोकप्रिय हेवज्र कर्णाली राज्यमा समेत फैलिएको प्रमाण अशोक चल्लको यो विशेषणले पुष्टाई गर्छ । त्यसो त अशोक चल्लले यस अघि आफूलाई प्रवर महायानयायी समेत लेखाई बाट शुरुमा उनी महायान बाट प्रभावित भएको देखिन्छ । उनै महायानमा बज्रयान विक्रासक्रममा हेवज्रले ठुलो स्थान पाएको हो । उनको समयमा कश्मिरका बौद्ध विद्वान पदमसम्भव तिब्बत जाने क्रममा उनको दरवारमा आई बसेको घटनाले पनि अशोक चल्ल बौद्धधर्मका उपासक रहेको मान्न सकिन्छ ।

अशोक चल्ल पनि उनका छोरा जितारी मल्ल कर्णालीका शासक बन्ने । नेपाल मण्डलका प्रभावशाली मल्लहरुबाट प्रभावित भई उनले आफ्नो नाम पछाडि 'मल्ल' जोड्न पुगे । जितारी मल्ल पछिका रिपु मल्ल, पृथ्वी मल्ल, प्रतापमल्ल जस्ता बौद्ध धर्म प्रति आस्थावान शासकहरुले शासन गरे । तर जितारी मल्लको विषयमा अलि गहिरिएर अध्ययन यस कारण छ कि नेपालमण्डलमा

ने.स. ४०७, ४०८ र ४०९ गरि लगातार तीन पटक आक्रमण गर्न हैसियतका यी शासकले अन्य शासकले झैं अभिलेखमा कतै बौद्ध धर्म प्रतिको आस्था दर्साएको छैन । नेपाल मण्डलमा देवनामधारी र मल्ल नामधारी बिच सत्ता कज्याउने खेल भैरहदा नेपाल मण्डल माथि धावा बोली राज्यको सिमाना बढाउने राजाको रुपमा इतिहासमा चित्रण गरिएको छ । जितारी मल्लपछि उनका भतिजा रिपुमल्ल यहाँका राजा बनेको समयमा नेपाल मण्डलको भ्रमण गरि बुंगमती, पशुपति, स्वयम्भु र बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गरेको गोपाल राजवंशावलीमा उल्लेख छ । यस पछिका राजा अदित्यमल्ल कल्याण मल्लको विषयमा त्यति जानकारी प्रकाशनमा नआए पनि प्रताप मल्लले त राजकाज त्याग गरि भिक्षु बन्न गएको प्रमाणले बुद्ध धर्मप्रतिको मोन्ह कतिको रहेछ स्पष्ट हुन्छ । यता प्रताप मल्लपछि नागराज वंशको अन्त भई पाल वंशको शुरुआत भएको र पुण्यपाल नै पुण्यमल्ल कहलिन पुगे । पुण्यमल्लको धार्मिक स्वभावबारे त्यति जानकारी प्रकाशमा आएको देखिदैन । तर उनका छोरा पृथ्वी मल्ल शान्त र धर्मभिरु प्रवृत्तिका राजा थिए । उनको दुल्लुको अभिलेख महत्वपूर्ण प्रमाण हो । त्यस बाहेक हालसालै भेटिएको एउटा प्रमाण पृथ्वी मल्ल बारे बुझ्न धेरै सहयोगी हुन आउँछ । पृथ्वी मल्लबारे भेटिएको एउटा महत्वपूर्ण सूचनाले उनी नेपाल मण्डलसँग सुमधुर सम्बन्ध राख्न अझ बौद्ध धर्मप्रति आस्थावान राजा भएको तथ्य भेटिन्छ । काठमाडौं इटुंवहालमा श्रावण शुक्ल द्वादशी देखि एक हप्तासम्म बहि द्य: ब्वयेगु गर्ने क्रममा बहाल भित्रका मूर्ति देखि सुनले लेखेको पुस्तकसम्म प्रदर्शन गरिन्छ । उक्त पुस्तक शतसाहस्रिका प्रज्ञा पारमिता हो । जुन पुस्तक ने.स ४७८ भाद्र शुक्ल दशमीको दिन इटुंबहाल अर्थात श्री भास्कर देव संस्कारित श्री केशचन्द्र कृत पारावत महाविहार निवासी शाक्यभिक्षु बज्राचार्य श्री राजवम्हा श्री ले आफ्नी ज्योर्तिलक्ष्मी नामकी पत्नी छोरा नाती समेत भई गुरु तथा उपाध्याय लगायत सबै प्राणीको उनुत्तरज्ञान फल प्राप्तिको लागि दान गरिएको हो भनी उल्लेख छ । सबैभन्दा महत्वपूर्ण कुरा त ने.स. ४७८ मा काठमाडौ इटुं बहालका बौद्ध विद्वान राजबम्हा श्रीलाई कर्णालीका राजा पृथ्वी मल्लले सिंजा बोलाई भिक्षु बज्रभानद्धारा शतसाहस्रिका प्रजापारमिता सार्न लगाएको र उक्त शतसाहस्रिका प्रज्ञापारमिता कान्तीपुर इटं बहाल स्थीत पारावत विहारमा प्रत्येक वर्ष गुलाँ ताका बहि द्य: ब्ययेगु गर्ने क्रममा उक्त पुस्तक प्रदर्शन गर्नु पर्ने व्यवस्था भएको देखिएको बास्तवमा यसलाई विद्वान महेशराज पन्तको भनाईमा इटुं बहालको प्रज्ञापारमिता खस नेवार सम्पर्कको नतिजा हो भन्न सकिन्छ । नेवारहरुको संस्कृतिमा भौगोलिक दृष्टिकोणले अत्यन्त टाढा बसेका खस हरुको समेत दिलचस्पी छ भन्ने प्रष्ट हुन्छ ।

जितारी मल्लले ने.स. ४०७ (वि.स.) १३४४ मा पहिलो पटक नेपाल मण्डलमा आक्रमणबाट खस राज्य र यहाँका नेवार बिच प्रत्यक्ष सम्पर्क (मुठभेड) त्यसपछि उनै जितारी मल्लले ने.स. ४०८ (वि.स. १३४५ फागुनमा दोस्रो पटक, ने.स. ४०९ (वि.स. १३४६ फागुनमा तेस्रो पटक यहाँका हमला गऱ्यो । त्यसपछि जितारी मल्लका छोरा आदित्य मल्लले ने.स. ४४१ वि.स. १३७८ चैत्रमा त तत्कालिन नेपाल मण्डलको राजधानी भक्तपुरको टिबुक्छे स्थीत त्रिपुर राजवासमा समेत आक्रमण गऱ्यो । उनैले पुन ने.स. ४४६ वि.स. १३८४ फागुन चैत्रमा आक्रमण गरि यहाँका राजा रुद्रमल्लको समेत मृत्यु भयो । त्यस्तै खस राजा पुण्यमल्ले वि.स. १३९१ मा नेपाल मण्डलमा भयंकर आक्रमण गर्यो । यसरी जितारी मल्लले पहिलोपटक आक्रमण गरेपश्चात् पुण्यमल्ल सम्मको ४७ बर्षको इतिहासमा नेपाल मण्डलमा व६ पटक सम्म हमला भयो । तर त्यसको बिच ने.स. ४३३ फागुनमा खस राजा रिपु मल्ल नेपाल मण्डलमा धार्मिक यात्रामा आउनु र ने.स. ४७८ मा खस राजा पृथ्वी मल्लले काठमाडौं इटुबहालका भिक्षु राजब्रम्हाश्रीलाई सिंजा बोलाई सुनको मसिले लेखेको शतसाह्रसिका प्रज्ञापारमिता लेख्न लगाएको घटनाले बास्तवमा खस राजाहरु बौद्ध धर्म प्रति आस्थावान भएको छर्लङ्ग हुन्छ ।

❖❖❖

# बुद्धको उपदेश र वर्तमान विश्व

✍ देवेन्द्रराज उपाध्याय

भगवान् बुद्धका उपदेश आजभन्दा पच्चीस सय वर्षअघिको समाजमा जति प्रयुक्त हुनसक्थे, ती आज पनि त्यत्तिकै सशक्त, तर्कयुक्त तथा वैज्ञानिकताले परिपूर्ण छन् । अझै भन्ने हो भने आजको संसारमा जब मनुष्यसमाज दिन-प्रतिदिन अत्यन्त विनाशकारी शस्त्रहरूको निर्माणमा निर्वाधरुपले राष्ट्र-राष्ट्रका नाउँमा पारस्परिक प्रतियोगिता गरिराखेको छ, त्यस अवस्थामा प्रज्ञा र करुणाले परिपूर्ण भगवान् बुद्धका उपदेश झन् बढी महत्त्वपूर्ण एवम् सारगर्भित देखिन्छन् ।

संसारका मानिसहरू विभिन्न धर्मका अनुयायीका रुपमा विभाजित छन् प्रत्येक धर्मको आफ्नो-आफ्नो विशिष्टता छ । हिन्दु धर्मको अत्यन्त उदारवाद, इसाई धर्मको ईश्वर प्राप्तिको साधनमध्ये अरुको सेवा कार्यलाई मान्यता, इस्लाम धर्मको ईश्वरको सर्वश्रेष्ठतामाथि अत्यधिक श्रद्धा आदि यस्ता विशिष्टताहरू हुन् जसले गर्दा यी धर्मावलम्बीहरूले ईश्वर एवम् स्वयमका बीच एक सन्धिक्रम एवम् तादात्मय कायम गर्ने विभिन्न परम्पराहरू संस्थापित गरे एवम् तिनको माध्यमद्वारा मनुष्यका विभिन्न मानव समुदायका नयाँ समाज, नयाँ सभ्यता एवम् नयाँ संस्कृतिको प्रतिष्ठापन गरे ।

ऋग्वेदमा भनिएको छ – 'यो सृष्टि स्वयम् भएको हो अथवा यसको सृष्टि सृष्टिकर्ताबाट भएको हो, सो कुरा सृष्टिकर्तालाई पनि थाहा नहोला ।' यसैको अन्वेषणमा परावर्ती हिन्दू दर्शनहरू आए उपनिषद्, गीता एवम् वेदान्त यसैको खोजीमा देखापरे । यसैबीच भगवान् बुद्ध पनि आउनुभयो । उहाँले केही मान्यताहरू जस्तो आत्मा एवम् त्यसको नित्यताको विपरीत अनात्मता अथवा नैरात्म्यको व्याख्या गर्नुभयो । तर भगवान् बुद्धले सम्यक्संबोधि प्राप्त गर्दा जुन चार आर्यसत्यको ज्ञान प्राप्त गर्नुभयो तथा प्रतीत्य समुत्पाद सम्बन्धी जुन विज्ञान र तर्कमा आधारित सिद्धान्तको प्रतिपादन गर्नुभयो ।

प्रत्येक धर्मको लक्ष्य सत्यको अन्वेषण हो तथा बुद्ध धर्मको लक्ष्य पनि सत्यको अन्वेषण हो । तर भगवान् बुद्धले उहाँका उपदेशलाई तर्क गर्ने शिक्षा दिँदै महापरिनिर्वान सूत्रमा आफ्ना शिष्यहरूलाई अन्तिम उपदेशमा भन्नुभएको छ -'स्वयंलाई एक ज्योति बनाऊ । स्वयम्माथि विश्वास गर ।' भगवान् बुद्धको यस उपदेशले मनुष्यमा आत्मविश्वास जागृत गर्दछ । निश्चय नै मनुष्यले आफ्नो अनियन्त्रित मनमाथि विजय पाउन उसमा आत्मविश्वास हुनु आवश्यक छ । मनुष्यका दु:ख, वेदना, विलाप तथा व्यथाको मुहान नै मन हो । मनबाट उत्पन्न हुने अति-तृष्णाको नियन्त्रण गर्न सकियो भने मनुष्यले दु:खमाथि विजय पाउन सक्छ । अनि अन्तमा उसले निर्वाण प्राप्त गर्न सक्दछ । निर्वाणको शाब्दिक अर्थ नै 'तृष्णाक्षय' हो त्यसैले भगवान् बुद्धले मज्झिम निकायमा निब्बानम् परेम् सुखम्' भनी भन्नुभएको छ ।

भगवान् बुद्धले जब बोधिवृक्षमुनि सम्यक-सम्बोधि प्राप्त गर्नुभयो, त्यो थियो चार आर्यसत्य । अर्थात् दु:ख आर्यसत्य, दु:खसमुदाय आर्यसत्य, दु:खनिरोध आर्यसत्य एवम् दु:खनिरोध गामिनी मार्ग आर्यसत्य । अर्थात् दु:ख, दु:खका कारण, दु:ख अन्त एवम् दु:ख अन्त गर्ने मार्ग, यी नै चार आर्यसत्य हुन् ।

भगवान् बुद्धले दु:ख आर्यसत्यको व्याख्या गर्दै भन्नुभएको छ -'संसार दु:खै दु:खले भरिएको छ । जन्म दु:ख हो, जरा दु:ख हो, व्याधि र मृत्यु दु:ख हुन् । अप्रिय व्यक्तिको संयोग दु:ख हो, कुनै प्रियजनबाट वियोग दु:ख हो, आफ्नो आवश्यकता पूर्तिको निम्ति संघर्ष गरिराख्नु दु:ख हो । मनुष्यको दु:खको कारण निश्चय पनि भौतिक शरीरको पिपासा एवम् सांसारिक राजजनित मोहमा पाइन्छ । मनुष्यको सम्पूर्ण रागको जरोमा बस्ने तृष्णालाई हटाउन सकियो भने रोगको अन्त्य हुनेछ र सबै मानव-दु:ख समाप्त हुनेछ ।'

भगवान् बुद्ध भन्नुहुन्छ 'तृष्णा नभएको एवम् दु:ख नभएको स्थितिमा पुग्न प्रत्येक व्यक्तिले एक निश्चित मार्ग अपनाउनुपर्दछ अर्थात् त्यो हो आर्यअष्टाङ्गिक मार्ग । सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि आर्यअष्टाङ्गिक मार्गका श्रेणीहरू हुन् ।

भगवान् बुद्धले प्रतीत्यसमुत्पाद सम्बन्धी अत्यन्त वैज्ञानिक सिद्धान्त प्रतिष्ठापित गर्नुभयो । भगवान् बुद्धले प्रतीत्य समुत्पादको व्याख्या गर्दै मज्झिम निकायमा भन्नुभएको छ-'अस्मिन् सति इदं भवति' अर्थात् यो भएको कारणले यो हुन्छ । प्रतीत्य समुत्पादको सिद्धान्तकै आधारमा उहाँले मनुष्यको जन्म र जरामरणको कारण अविद्या हो भनी निर्धारित गर्नुभएको छ । भगवान् बुद्धले भन्नुभएको छ 'भवचक्रमा अविद्याबाट संस्कार अनि क्रमैले विज्ञान, नाम, रुप, षडायतन अर्थात् ६ इन्द्रियहरू स्पर्श, वेदना, तृष्णा, उपदान अर्थात् ग्रहण गर्ने इच्छा, भव अर्थात् आवागमन, जाति अर्थात् जन्म र जरामरण हुन्छ एवम् रुप, वेदना, संज्ञा, संस्कार विज्ञानको भवचक्रको क्रम फेरि चल्दछ ।

भगवान् बुद्धका उपदेश पाँच हजारभन्दा बढी ग्रन्थहरूमा सङ्ग्रहित छन् । र, ती सबैको व्याख्या एउटा लेखभित्र गर्न असम्भव हुन्छ, तथापि भगवान् बुद्धको उपदेशको व्याख्या आजको शस्त्रास्त्रको उत्पादन प्रतियोगिताको युगको उपयोगी भएको यहाँ चर्चा गरिन्छ ।

आज मानव-संहारका निम्ति परमाणु बमले सुसज्जित हजारौं अन्तरमहादेशीय क्षेप्यास्त्रहरू मात्रै छैनन्, एम.आई.आर.बी. जस्तो एउटै क्षेप्यास्त्रमा बेग्लाबेग्लै लक्ष्यलाई ध्वस्त पार्न सक्षम दशभन्दा पनि बढी परमाणु बम राख्ने अत्यन्त विनाशकारी अस्त्र पनि सैकडौंको संख्यामा छन् । यी अस्त्रबाहेक साना अस्त्रहरूमाथि पनि संसारले वर्षको खरबौं डलर खर्च गरिराखेको छ, जसको एक प्रतिशत जति बचत गरेर विकासोन्मुख देशहरूमा खर्च गरियो भने पनि यी देशहरूको आर्थिक समृद्धिले नयाँ रुप लिन सक्नेछ ।

शस्त्रास्त्रको उत्पादन कम गर्न सकियो एवम् त्यो रकम मानव कल्याणमा लगाउन सकियो भने संसारको धेरै हित हुन सक्दछ । उदाहरणर्थ, संसारमा वर्षको सैकडौं लडाकू जेट बिक्दछन् । एउटा यस्तो जेटको मूल्य दुई करोड डलरभन्दा बढी पर्दछ । तर एउटा लडाकू जेटको मूल्यको रकमले चालिस हजार ग्रामीण औषधिकेन्द्रहरू स्थापित गर्न सकिन्छ । तर यस दिशातर्फ उचित पाइलो चालिएको छैन, कारण विभिन्न देशका शासकहरूले आफ्नो देशमाथि शासन गर्ने सर्वोत्तम मार्ग सबभन्दा पहिले आफूमाथि शासन गर्नु हो ।' यसका अतिरिक्त भगवान् बुद्धका उपदेशमा कसैले पनि आफ्ना निम्ति मात्र वस्तुहरूको संग्रह गर्नुहुन्न माता-पिताप्रति छोराको उचित कर्तव्य, पति र पत्नीका निम्ति मार्ग, मन्त्री र कर्मचारीहरूले कस्तो व्यवहार गर्नुपर्छ, न्यायाधीशहरूले अपराधीहरूसित कस्तो व्यवहार गर्नुपर्छ आदि एवम् राजनीतिक नैतिकताको मूल्य निर्धारित गरिएको छ ।

यदि मनष्यहरूले चार आर्यसत्य बुझेर, भगवान् बुद्धद्वारा प्रतिपादित मान्यताहरू ग्रहण गर्न सके भने निश्चय नै वर्तमान मनुष्यमाथि देखापरिराखेको विनाशको बादल हटेर जान सक्नेछ एवम् मनुष्यमा पूर्ण आत्मविश्वास जाग्रत भई उसले शस्त्रास्त्रका भय र त्रास र हित नैतिक मान्यताहरूमाथि आधारित एक नयाँ एवम् भ्रातृत्वपूर्ण समाजको स्थापना गर्न सक्नेछ सही अर्थमा विश्वशान्ति स्थापित गर्न सक्नेछ ।

❖❖❖



# मानवमा हुनुपर्ने गुण चतुर्ब्रम्ह विहार

✍ तुल्सीकाजी मानन्धर

चतुब्रम्ह विहार भन्नाले मैत्री, करुणा, मुविता र उपेक्षा चार गुणलाई बुझ्दछ । जुन मानवमा यी गुणहरू हुन्छ, त्यो व्यक्ति 'ब्रम्ह' समान बन्छ । भगवान बुद्धले सम्पूर्ण मानव र प्राणीहरूप्रति कुनै भेदभाव नगरी समान रुपले दुःखमुक्ति सँगै चतुब्रम्ह विहारको उपदेश दिनुभएको छ ।

प्रत्येक आमाबाबुले आफ्नो प्राणलाई भन आफ्नो छोराछोरीलाई मैत्रीभाव राखी हुर्काउछन्, करुणापूर्ण रुपले लालनपालन गर्छन् । छोराछोरीको प्रगतिमा प्रसन्न भई मुदिता भाव राख्छन् । त्यस्तै छोराछोरीले कुनै गल्ती गरे पनि क्षमा गरी उपेक्षाभाव राख्ने भएकोले आमा-बाबुलाई 'ब्रम्ह' भनिएको छ । त्यसकारण प्रत्येक छोराछोरीको लागि आमा-बाबु 'ब्रम्ह' समान हुन् ।

**१) मैत्री**

मैत्री भनेको मित्रभाव हो । आफू जस्तै अरु प्राणीहरूको हीत चिताउनु र सुखको कामना गर्नुलाई 'मैत्री भाव' भन्दछ । जस्तो आफूलाई दुःख मन पर्दैन, सुखमात्र मन पर्छ । त्यस्तै अरु सम्पूर्ण प्राणीहरूलाई पनि दुःख मन पर्दैन र सुख मन पर्छ । त्यसैले अरुलाई दुःख दिनुहुँदैन, बरु आफूले सके जतिको सुख दिनुपर्छ । मैत्रीभावले सबैलाई मित्र बनाउँछ, कसैलाई पनि शत्रु बनाउँदैन । मत्रीभावले प्रत्येक मनलाई शितलता प्रदान गर्छ । मैत्री तीन प्रकारले राख्न सकिन्छ । १) कायिक मैत्री :- शरीरबाट अरुको सहयोग, मद्दत गर्नु हो । २) वाचसिक मैत्री । अरुको भलोहोस्, सुखी होस् भनी अरुको हीतको कामना गर्नु, नरम वचन बोल्नु, राम्रो कामलाई उत्साही हुने खालको प्रेरणा दिनु, नराम्रो कार्यमा नलाग्न सचेत गराउनुजस्ता उपदेश दिनु 'वाचसिक मैत्री' हुन् । ३) मानसिक मैत्री :- अरुको भलो होस् सुखी होस्, राम्रो होस् भनी चिताउनु मानसिक मैत्रीभाव राख्नु हो ।

मैत्रीभावको प्रभावले हामी वैर रहित भइ सुखी साथ बाँच्न सकिन्छ । त्यस्तै सुखसँग निदाउने, सुखसँग उठ्ने, डरलाग्दो सपना नदेख्ने, सबैको प्रिय बन्ने, अनुहारमा तेज, शरीर, फूर्तिलो र चित्त एकाग्र भइ होशपूर्वक जीवन बिताउन सक्नुका साथै होशपूर्वक मृत्युवरण पनि गर्न सकिन्छ ।

**२. करुणा**

दुःखी प्राणीहरूको सुखको कामना गर्नु, दुःखमुक्ति दिलाउनु, त्यस्तै अरुको दुःख प्रति दयामाया प्रकट गर्नु अरुको दुःख, कष्ट देख्दा हृदय कम्पायमान हुनु, दुःखीहरूको दुःखबाट छुत्कारा दिलाउनु करुणाभाव हो ।

भगवान बुद्धले सत्व प्राणीहरूप्रति असिम करुणा राखी उद्धार गर्नुभएको जातक अठ्ठ कथाहरूमा उल्लेख छन् । सम्पूर्ण मानव प्राणीहरूको दुःख मुक्तिका लागि दुःख र दुःखमुक्तिको बाटो आर्य अष्टाङ्गिक (मध्यम) मार्ग देखाउनुभयो । जसबाट सबै प्राणीहरू धन्य भएका छन् । बुद्ध करुणामय हुनुहुन्छ । प्रत्येक व्यक्तिले दुःखीहरूप्रति करुणा राखी दुःखबाट छुत्कारा दिनु सबैको कर्तव्य हो । समाजमा करुणाको अभावले पुरुषले नारी माथि लैंगिक भेदभाव गरिरहेका छन् । धनीले गरिबमाथि शोषण दमन गरिरहेका छन् । सबैले एक आपसमा दोष नहेरी सबै माथि करुणाभाव जगाई दुखीजनप्रति करुणा राख्नुपर्छ । आपत-विपदमा परेकालाई तन, मन र धनले आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्छ ।

**३) मुविता**

अरुको उन्नति प्रगति र समृद्धिमा खुसी र प्रसन्न हुनु 'मुविताभाव' हो । सुखी र सम्पन्नता देखेर आफ्नो मनले इर्ष्या नगरी हर्षित हुनु 'मुविता' हो । अरुको उन्नति, प्रगति, विकास उत्थान भएको देखेर, अरुले राम्रो काम गरेको देखेर, सुनेर, थाहा पाएर प्रसन्नता प्रकट गरी मंगलकामना गर्नु मुविताभाव प्रकट गर्नु हो ।

धेरैजसो मानिसहरू अरुको प्रगति देखेर इर्ष्या र डाहा गर्छन् । साथीहरूको एक आपसमा घनिष्ठ सम्बन्ध देखेर, पतिपत्नीको माया प्रेम देखेर र घरपरिवारमा मिलेर बसेको देख्न नसक्नेहरू समाज प्रशस्त छन् । जसले गर्दा दाजुभाई, साथीभाई र पतिपत्नीलाई इर्ष्यावश छुट्याउने प्रयत्न गर्ने गर्छन् । समाज र देशको उन्नतिको लागि मन प्रसन्न भएर अरुको प्रगतिलाई मनैदेखि अनुमोदन गर्नुपर्छ । आफू पनि सुखी भई बाँच्ने र अरु पनि सुखी र खुसी भएर बाँच्ने चाहना गर्नु नै 'मुविताभाव' प्रकट गर्नुपर्छ ।

**४) उपेक्षा**

उपेक्षा भनेको समभाव, मध्यस्थतालाई जनाइन्छ । अरुप्रति निष्पक्ष भएर सन्तुलित मनस्थिति हुनु नै 'उपेक्षभाव' हो । सबैको जीवनमा कहिले सुख हुन्छ त कहिले दु:ख हुन्छ, कहिले काम हुन्छ त कहिले हानी (अलाभ) । कहिले प्रशंसा हुनछ त, कहिले निन्दा गर्ने त्यस्तै कहिले यश प्राप्त हुन्छ त कहिले अपयश हुनछ । यो लोक धर्म सबैको जीवनमा घटी नै रहन्छ । त्यसबाट बच्न सक्यो भने 'उपेक्षा भाव' हो ।

प्राय: मानिसहरू राम्रो आफूले भनेजस्तो हुँदा खुसी हुने मन चञ्चल भई, खुसीले मन गदगद् हुने हुनछ । त्यस्तै नराम्रो मनले नचिताएको दु:खद् घटना हुँदा, धेरै दु:खी हुने, मन खिन्न गर्छन् । जुन सुखमा मातिने र दु:खमा आँतिने स्वभावको छन् । यस्ता घटनाहरू राम्रो नराम्रो आइ नै रहन्छ । यस्ता घटनालाई राम्ररी बुझि कुनै प्रतिक्रिया नगरी स्थिर अविचलित भएर स्वीकार गर्न सक्ने हुनु नै 'उपेक्षा भाव' राख्नु हो । अरुले गल्ती गरे पनि कुनै द्वेष नराखी तटस्थ भाव राख्नुपर्छ ।

अन्तमा मैत्री, करुणा, मुविता र उपेक्षा भाव जुन चक्रब्रम्ह बिहार आ-आफ्नो छोराछोरी माथि सबै आमाबाबुले मैत्री राखी सबै कर्तव्य पूरा गर्छन्, छोराछोरी बिरामी पर्दा नसुतिकनै सेवा गर्छन्, छोरा छोरीको प्रगति देखेर मन प्रसन्न पार्छन् र छोराछोरीको गल्ती गरे पनि क्षमादान (उपेक्षा) गर्छन् । त्यस्तै सबै प्राणीहरू माथि पनि आफ्नो छोराछोरी समान व्यवहार गर्न सिक्यौं भने साँच्चै नै चत्रुब्रम्ह बिहारमा अगाडि बढ्न सकिन्छ । अस्तु ।

❖❖❖

# न्ह्याथाय् वंसां पाप कर्म बचे जुइ फै मखु

बुद्धलक्ष्मिं धाल थौं बाखँ कना बिज्याम्ह भन्ते नं पाप कर्मया फल भोग याय्मागु हे कया निपु बाखँ कना बिज्यात ।

भगवान् बुद्ध कोलिय मल्लतसें देकाब्यूगु आरामे वर्षावास च्वना बिज्यात । अबले गौतम बुद्धया पाजु नं सस: बौ नं. धाय्मा:म्ह सुप्रबु धैम्ह शाक्य जुजु छम्ह दु । थ: म्हयाय यशोधरा देवीयात सिद्धार्थ कुमारं तोतावन धका तँमोगा च्वंम्ह सुप्रबुद्ध बदला काय्त ता: तुना च्वंम्ह ख: ।

छनहु भगवान् बुद्ध भिक्षु आनन्द नाप छथाय् गामे तापाक निमन्त्रणा बिज्याइगु सिया सुप्रबुद्धं बुद्ध बिज्याना च्वंगु लँ पना बिल । वसपोल बुद्ध व लँपुं लिहाँ बिज्याना छथाय् फेतुना न्हिला बिज्यात । तथागत शास्ता छुं कारण मदेकं गुबलें न्हिला बिज्याइ मखु । अले आनन्द भिक्षुं न्यन-भो भगवान् छलपोल छाय् न्हिला बिज्यानागु ?

भगवान् बुद्धं धैबिज्यात - सुप्रबुद्धं त: धंगु पाप कर्मयात । वं भीगु लँपु पना बिल । थुगु पापकर्म याना व थनिं न्हेनु त्वालं स्वाहानें कुतुं वना सी माली तिनि ।

अन हे लिक्कसं ल्यू ल्यू व च्वंम्ह सुप्रबुद्ध जुजुया चरपुरुषं ( सीआईडी) थ्व खँ ताल । वं बुद्धं धैबिज्यागु खँ जुजुयात कना बिल ।

जुजुया मती वन - बुद्धया वचन मखुगु जुइ मखु । छुं जुया बुद्धं धा:थें मजुत धा:सा मखुगु खँ ल्हाइम्ह धका जिं निन्दायाय्, स्वेका छु जुइथें । सुप्रबुद्ध थुकथं मती तया दरबारया न्हेतं जा: गु तें बैगले च्वं च्वन । कुने कुहाँ वने हे मखु धका थ: त मा: गु सामान गाक्व तले तया कुनेया स्वाहाने लिकाय्के बिल । सुप्रबुद्धया मन धुक्क जुल ।

अबले भिक्षुपिसं भगवान् बुद्धयात सुप्रबुद्ध पापं व मृत्यु बचे जुइत दरबारया बैगले सुला च्वंगु खँ कन । अले बुद्धं धैबिज्यात - भिक्षुपिं सुप्रबुद्धं पापं बचे जुइ धका बैगले ला छु आकाशे च्वं वंसां बच जुइ फै मखु धया क्वे च्वंगु गाथा ( श्लोक) न्ह्याथना बिज्यात -

न अन्तलिक्खे न समुद्द मज्झे<br>
न पब्बतानं विवरं पविस्स<br>
न विज्जति सो जगतिप्पदेसो<br>
यत्थट्ठितो नप्पसहेथ मच्चु ।

अर्थ - सुं मनू मृत्युं बचे जुइ धका मनंतुना सुरक्षितगु थाय् माले धका मात्तु मा: वंसा अज्योगु थाय् आकाशे, समुद्रे, पर्वतया गुफाय् वंसा. लुइके फै मखु गन च्वनां मृत्युं जुइ फै ।

त: न्हु मछि दरबारं पिहाँमवोसे सुंक च्व च्वगुलि सुप्रबुद्ध जुजुया सलया म्हाइपुसे च्वन । चिना त: थासं बिसिं वनेत सनाच्वंगु खबर जुजुं सी सात सलयात ज्वने माल धका हतर पतरं दरबारं कुहाँ वंगु स्वाहाने मदुगु होश हे मदु कुने चत्ता वाना सित ।

जिं बालाक कने मस: । बाखं कना बिज्याम्ह भन्ते नं यक्व बुत्ता भरे याना बालाक कना बिज्यागु ख: । जिं फुकं लुमंका ते मफु । थज्योगु बाखँ न्यने योसा छिपिं नं बिहारे बुद्ध पूजा जुइ बले जि नापं नु ।

मस्तसें धाल - बिदा बले ला:सा जक जिल का । जिपिं स्कूलले वने मा: । उकिं माँ नं. माँ नापन्तुं बिहारे वने मज्यू ला माँ ?


*साभार : बौद्ध नैतिक शिक्षा, भाग २*

पुस्तक परिचय

# 'नेपालमा बुद्ध धर्म समुन्नतिको लागि भिक्षु अश्वघोष महास्थविरको योगदान' पढ्दा

✍ विष्णुगोपाल कुशी

राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा परिचित श्रद्धेय भिक्षु अश्वघोष महास्थविर एक बौद्ध विद्वान, आदर्शवादी गुरू, प्रेरणाका स्रोत, सिक्नलायकका व्यवहारवादीमात्र होइन लेखक पनि हुन् । नेपालका एक सिद्धहस्त, बहुआयामिक व्यक्तित्व, बुद्ध धर्मकै एक प्रतिनिधि बौद्ध विद्वान अश्वघोषले बुद्ध धर्म र बौद्ध संस्कृतिको क्षेत्रमा चार दसकभन्दा बढी सेवा गर्ने उनी समाज परिवर्तनका वाहक तथा अग्रणी व्यक्ति हुन् । वृद्ध जीवनमा पनि बुद्ध धर्म र बौद्ध संस्कृतिको क्षेत्रमा नथाकिकन अनवरत लागिपर्ने उनी साहसिला, स्पष्ट प्रवचक, समानतावादी, धैर्यवान, निडर र अनुभवी थिए । आफ्नो ज्ञान, सीप र अनुभव आफूसँग नराखी देशभर फिजाउनुपर्छ भन्ने मान्यताका साथ अघि बढ्ने उनी बुद्ध धर्म प्रचारकका अग्रणी हुन् ।




नेपालका एकमात्र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरका घनिष्ठ मित्र अश्वघोषको जन्म वि.सं. १९८३ मा पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यको कोखबाट ललितपुरको ओकु बहालमा भएको थियो । कान्छा छोरा अश्वघोषको पहिलेको नाम बुद्धरत्न शाक्य हो । बाल्यकालमा औपचारिक शिक्षाभन्दा चाणक्य नीति, हितोपदेशजस्ता पुस्तक पढेर उनी धर्मप्रति आस्थाको केन्द्र बन्न पुगेका थिए ।

दुःखबाट मुक्त हुन, राम्ररी पढेर धेरै जान्न, असल मान्छे बन्न, देश विदेश घुमेर धेरै ज्ञान र अनुभव प्राप्त गरी बुद्ध शिक्षा प्रचारप्रसार गर्ने उद्देश्यले भिक्षु बनेका अश्वघोषको आमाबाबुको करकापमा ११/१२ वर्षको उमेरमै विवाह भयो । उनी आफ्ना गुरू भिक्षु अमृतानन्द महास्थविरसँग प्रवजित हुन बुद्धको महापरिनिर्वाण प्राप्त गरेको स्थल कुशी नगरमा गए । गुरू अमृतानन्दसँग प्रवजित भएपछि उनको नाम बुद्धरत्न शाक्यबाट 'श्रामणेर अश्वघोष' राखियो । भिक्षु बनेपछि उनी भिक्षुको कर्तव्यपालना गर्न कहिल्यै पछि परेनन् । उनी कहिले विदेश भ्रमणमा लागे । कहिले प्रवचनतर्फ लागे । कहिले अध्ययनमै व्यस्त भए भने कहिले लेख-रचना प्रकाशन गर्न त कहिले कृति प्रकाशन गर्नतर्फ लागे । कहिले तालिम केन्द्र खोल्न त कहिले बिहार निर्माणतर्फ अग्रसर भए ।

उनी बुद्ध धर्म र पालि साहित्यको अध्ययन गर्न श्रीलङ्का पुगे । श्रीलङ्का पुग्नुअघि प्रथमपटक धर्मचक्र प्रवर्तन

देशना गरेको सारनाथ र बुद्धत्व प्राप्त गरेको बुद्धगया पुगे । कुशी नगरमा भारतीय विद्वान एवं ग्रन्थकार भिक्षु धर्मरक्षितको नजिक रहेर उनले हिन्दी भाषा सिके । त्यहाँ उनले पालिभाषा र बुद्ध धर्मको अध्ययन गरे र सन् १९४७ मा 'त्रिपिटकाचार्य' उत्तीर्ण गरे । सन् १९४९ मा उनी एक सफल भिक्षु अश्वघोष बने ।

उनको स्कूले जीवन भारतको वाराणसी सारनाथमा बितेको थियो । उनको औपचारिक शिक्षा आइए (प्रमाणपत्र) तह सम्मको थियो । बीए (स्नातक) तह अध्ययन गर्ने उनको इच्छा क्षयरोग लागेको कारण अधुरो भयो ।

उनले श्रीलङ्कामा ८ वर्ष, भारतमा ८ वर्ष र चीनमा २ वर्ष बिताए । त्यसपछि उनको स्वदेश फर्केर १० वर्ष स्वयम्भूस्थित आनन्दकुटी विहारमा बितेको थियो । त्यहाँमात्र उनले १२ वर्षावास र अन्यत्र गरी ५५ वर्षावास पूरा गरे । विसं २०२९ सालमा आनन्दकुटी विहार गुठीको स्थापनालगत्तै नेपालको पहिलो बौद्ध मासिक पत्रिका उनकै सम्पादन र व्यवस्थापनमा निस्केको थियो । धर्मकीर्ति मासिक पत्रिका उनकै सम्पादनमा प्रकाशित भयो । त्यस्तै २०३० सालमा ध्यानकुटी विहार स्थापना गर्न उनको महत्त्वपूर्ण भूमिका रह्यो ।

विसं २०२९ सालमा बनेपाको दछुटोलमा ध्यानकुटी विहारको निर्माणमा उनी सरिक भए र २०३० मा विहार नै स्थापना भयो । यो नेपालको पहिलो तालिम केन्द्र थियो । २०३८ मा 'संघाराम तालिम केन्द्र' खोलियो । त्यहाँ धर्मोदय सभाको अध्यक्ष र श्रीघः विहार दायक परिषद्का अध्यक्ष पनि भए । उनको जीवन श्रीघः विहारमै बितेको थियो । उनी राष्ट्रियसभाका सदस्य भए र लुम्बिनी विकास कोषका उपाध्यक्ष भए । उनले नेपाल-चीन मैत्री सङ्घमा रहेर काम गरे ।

व्यवहारिक तथा नैतिक शिक्षाको उपदेश बाँड्दै, लेख-रचना लेखी, कृतिहरू प्रकाशन गरी नेपालको प्रतिनिधिको रूपमा उनी विश्वका विभिन्न देशमा पुगे । उनले श्रीलङ्का, वर्मा, चीन, थाइलैण्ड, जापान, मलेसिया, जर्मनी, रूस, भुटान, इङ्गल्याण्ड, क्यानडा र अमेरिकालगायतका देशहरूको भ्रमण गरे ।

उनले जीवनमा नेपालभाषाको ६५, नेपालीको ४१ र अङ्ग्रेजी एउटा गरी १०७ वटा विभिन्न व्यवहारिक, नीतिप्रधान तथा उपदेशमूलक कृति लेखे । धर्मोदयसभाद्वारा विसं २०१३ सालमा प्रकाशित 'गौतम बुद्ध' पुस्तक उनको पहिलो कृति थियो । मानिसलाई असल बनाउनु या सत्मार्गमा ल्याउनु नै उनको ध्येय थियो । मौलिक र स्वतन्त्र विचारका उनका कृतिहरू व्यवहारिक शिक्षाप्रधानमात्र होइन मानव मनभित्रका कलुषित भावना र हिंसात्मक प्रवृत्ति रोक्नुपर्छ भन्ने मान्यतामा केन्द्रित छन् ।

उनको पहिलो लेख 'प्रेमं हे दुःख विइगु खः' हो । त्यो लेख मासिक पत्रिका धर्मदूत (विसं २००२) मा प्रकाशित भएको थियो ।

मानिस सच्चरित्रवान हुनुपर्छ, निष्कलङ्क या दोषमुक्त हुनुपर्छ भन्ने उनको विचार हो । दान गर्नु, शील पालना गर्नु, ध्यान बस्नु र अरूलाई उपकार गर्नुमात्र धर्म होइन अरूलाई विघ्नवाधा नपुऱ्याउनु, दुःख नदिनु पनि उनी धर्म मान्थे । आफ्नो आचरण राम्रो बनाउन, सेवा भावमा समर्पित हुनु र न्यायमार्ग अवलम्वन गर्नु नै उनी बुद्ध धर्म हो भन्थे । आफूले आफ्नै काम कुरा हेरेर शुद्ध बन्न खोज्नु र राम्रो बन्नु नै बुद्धिमानी हो भन्ने उनको विचार हो ।

महामानव बुद्धको 'यथावादी तथाकारी' बाट प्रभावित उनी आफ्ना भन्नुपर्ने कुरा स्पष्टसँग राख्थे, कसैलाई काखापाखा गर्दैनथे । जुन कुरा बोलिन्छ त्यस्तै काम गर्नुपर्छ, जुन काम गरिन्छ त्यस्तै कुरा बोल्नुपर्छ भन्ने बुद्धको उपदेश सिकेर उनले अरूसामु आफ्नो कुरा स्पष्टसित राख्थे । मनमा लागेको, देखेको र नमिलेको कुरा दयामाया नराखी फ्याट्ट भन्ने स्वभावका भएकाले कतिले उनलाई छुच्चा पनि भन्थे । कुनै सूत्रहरू कण्ठ गर्ने, स्वर्ग र नर्कको बखान गर्नुभन्दा व्यवहारिक र नैतिक शिक्षा प्रदान गर्न उनी अघि सरेका थिए । नागरिकलाई व्यवहारिक र नैतिक शिक्षा दिनु, असल मान्छे बनाउन ज्ञान, बुद्धि दिनु राम्रो हो । तर विहार विहारमा सहभागी हुने व्यक्तिहरूको मुख मुखमा 'भगवान शरणम्', बुद्धको 'मूर्ति' प्रति नतमस्तक भएको देख्दा आश्चर्य लाग्छ । संसारको हित गर्नेलाई पुज्नु, मान्नु

र उनको शिक्षा अनुकरण गर्नु राम्रै हो । तर बुद्धलाई भगवान (ईश्वर) सम्झेर मूर्तिलाई नढोगिकन सन्तोष नमिल्ने या इच्छा पूरा नहुने जस्तो ठान्नु बुद्धकै उपदेशविपरीत त भएन ? भन्ने प्रश्न पनि उठ्न थालेको छ ।

१६ वर्षको उमेरमै प्रवजित भइसकेका भिक्षु अश्वघोषले बुद्ध र धर्म र बौद्ध संस्कृतिको क्षेत्रमा चार दसकभन्दा बढी सेवा र योगदानकै कारण उनी राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट विभूषित, सम्मानित र अभिनन्दित भए । उनले विभिन्न उपाधी पाए । बर्माले सन् २००२ मा अन्तर्राष्ट्रिय व्यक्तित्वलाई प्रदान गर्दै आएको अग्ग महासंद्धम्य जोतिकधज' उपाधीले सम्मान गऱ्यो । धर्म निरपेक्षता आयोजक समाजले २०४८ मा अभिनन्दन तथा सम्मान गऱ्यो । श्री ५ को सरकारबाट 'प्रवल गोरखा दक्षिणवाहु' विभूषित भए । ज्ञानमाला भजन खल:बाट 'रत्नवत' सिरपा पाए । त्यस्तै सम्मान र अभिनन्दन अन्य दर्जनौं सङ्घ संस्था तथा समुदायले गरे ।

यसरी असङ्ख्य लेख, रचना, कृति लेखेर, धार्मिक प्रवचन दिएर बुद्धोपदेश छरेर उनले बुद्ध धर्मको उत्थान र उन्नतिमा अविस्मरणीय योगदान गरे । उनको जीवन आदर्शोन्मुख समाज स्थापना गरेर सच्चा मानव बनाउनमै बितिरहेको छ । यसरी समुदायप्रति समर्पित, त्यागी, दानी, अलोभी, उत्साही, निडर र एक सफल भिक्षु अश्वघोषको योगदान जनतामाझ चम्किरहनेछ ।

उनले पुऱ्याएको योगदान र गतिविधिमा केन्द्रित रहेर बौद्ध विभागमा अध्ययनरत जुजुकाजी महर्जनले 'नेपालमा बुद्ध धर्म समुन्नतिको लागि भिक्षु अश्वघोष महास्थविरको योगदान' विषयक एक शोधग्रन्थ तयार गरे । त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सञ्चालन भइरहेको पोष्ट ग्राजुयट डिप्लोमा इन बुद्धिष्ट स्टडिजको पाँचौं पत्रको खण्ड 'बी' को आंशिक पत्रको रूपमा तयार पारिएको जुजुकाजी महर्जन (भिक्षु संघरक्षित) को शोधग्रन्थलाई परिमार्जित गरी यो कृति प्रकाशित गरिएको हो ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत विसं २०५६/५७ को शैक्षिक सत्रदेखि सुरू भएको बौद्ध अध्ययन विभागले सञ्चालन गरेको एमएको पहिलो समूहमै अध्ययन गरेर भिक्षु अश्वघोषको योगदानलाई उनले थेसिसको विषय बनाएका थिए ।

यसरी समुदायको निम्ति अमूल्य योगदान पुऱ्याउने अश्वघोषको जीवनीलाई शोधग्रन्थको रूपमा लेख्ने जुजुकाजी महर्जन (भिक्षु संघरक्षित) र शोधग्रन्थ प्रकाशन गर्ने सत्य सन्देश प्रचारक प्रकाशन काठमाडौंलाई मुरीमुरी धन्यवाद !

❖❖❖


# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित
बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक को वार्षिक ग्राहक भई
सहयोग गरिदिनुहुन पाठकहरुमा हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन
दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

# मंगल धर्मद्वीप विहार (झौरवही)



**परिचय**

झौरवही मंगल धर्मद्वीप विहारया नामं नं प्रसिद्ध जू । ख्वप गोमरीत्वा: पलिखेलया मू लँपुया उत्तरपाखे थुगु वही अवस्थित दु । थुगु वहीयात मंगल धर्मद्वीप विहार धका: नं धा । ख्वपय् जात्रायाइपिं न्या:म्हं दीपंकर मध्ये छम्ह थुगु विहार याम्ह ख: । थुगु विहारया खल:पिं बज्राचार्य ख: ।

**ऐतिहासिक पृष्ठभूमि**

थुगु वही गुबले निर्माण जुल ऐतिहासिक श्रोतया अभावं याना: धाये फैगु अवस्थाय् मदु । थनया सङ्घ सदस्यपिं चतुब्रह्म महाविहारया बज्राचार्यपिं जुगुलिं थुगुवही जीवनचन्द्र बज्राचार्यया सन्तानपिसं हे दयेकूगु धका: विश्वास याना:वयाच्वंगुदु । बांलाक आख: सिइमदय् धुंकुगु मुक्कं निस्वंगू झ्व: दुगु थनया छगू सिलापौखय् (क्वय् यागु झिंस्वंगू झ्व: आख: जक सिइ दनि) ख्वपय् विश्वमल्ल जुजु जुयाच्वंगु इलय् ने.सं. ६७६ या फाल्गुन महिनाय् चतुब्रह्म महाविहारया जिवचन्द्र बज्राचार्य परिवारपिसं भग्नावशेष जुयाच्वंगु झौरवही हाक्नं जीर्णोद्धार या:गु खँ: उल्लेख यानात:गुदु । जीर्णोद्धारया झ्वलय् थुगु वहीलि आगंद्यो स्थापनाया:गु, बाहा पूजा न्यायेकुगु, पञ्चतथागत जात्रा (पञ्चदानया दिने द्य:जात्रा यायेगु) या व्यवस्था यागु आदिबारे थुगु अभिलेखय् विस्तृत रूपं उल्लेख यानात:गु दु । थुगु वहीलि न्हापा इन्द्रवर्ण महाविहारया सङ्घपिसं वही द्य:ब्वये हयेमा:गु चलन दुगु ख: तर छुं न्हयोनसें व द्यो ब्वयेगु परम्परा लोप जुई धुंकुगु जुल । अथेजुसां वहीलि यायेमा:गु ज्या धा:सा:याना वयाच्वंगु दनी । इन्द्रवर्णमहाविरया सङ्घ दुजपिंसं झौरवही नापं सम्बन्धित:गु ताडपत्र, तमसुकपत्र आदिनं संरक्षित यातात:गु दनी ।

## वहीया स्वरूप व सम्पदा

मङ्गलधर्मद्वीप विहार झौरवहीया भौतिक अवस्था उलि बांला मजु । वहीया पूलांगु स्वरूप स्यने धुकुगू दु । न्हापा न्हापा थुगु वही निगूतला जुया पेखरं चाहुले ज्यू धैगु खँ पूर्व, उत्तर, पश्चिम लागाया भग्नावशेष जुयाच्वंगु थाय्खँ थुइका काय्फू । थुगु वहीया क्षेत्रफल नापिया नक्सायनं चुतष्कोणकथं कुल क्षेत्रफल १२ आना २ दाम क्येनात:गु दु । वहीया दक्षिणया दलामे दीपङ्कर तथागतयात विराजमान याका त:गु दु । च्वये यागु तल्लाय् न्हापा मङ्गल धर्मद्वीप गुम्बा दुगु ख: धका: धाइ । अथेहे वहीया पूर्वीभागय् छगू तल्लाय् गन्धुरी देवताया द्य:ग दु । मूलुखाया जवंखवं सिंह थना त:गुदु । अथेहे मूलुखाया जवंखवं सारिपुत्र वा मौदगल्यायेनपिनिगु लगायत सप्त तथागत पिनुगु काष्ठ मुर्तित छाय्पिया त:गु दु । गन्धुरी देवताया जवय् खवय् तयातपिं नाप गणेश, वेताल आसनतया च्वंपिं तान्त्रिक देवी देवताया अथेहे दीपङ्कर लुम्बिनि विज्यागु व शाक्यमुनी बुद्ध लुम्बिनी वनय् विज्यागु दृष्य खनीबलय् थनया काष्ठकलाया तारिफ मयासें च्वने फै मखु ।

थुगु वहीया गन्धुरी देवता ल्वहँया:म्ह अमिताभ तथागत ख: । अमिताभ तथागतया जवय् षडक्षरी लोकेश्वर, रत्नसंभव, अक्षोभ्य तथागतपिं वा खवय्पाखे वैरोचन, अमोधसिद्धि, आर्यताराया ल्वहँया मूर्तिनं स्थापना यानात:गु दु । थुगु वहिली स्वंग चैत्य दु । दथुई च्वंगु तग्व:गु सिखर चैत्यया जवंखवं निग: वज्र धातु चैत्य तया थुकिया नापं क्षेत्रपाल समेत स्थापना यातात:गु दु । थुगु विहारया मूलुखा पश्चिम स्वयाच्वंगुदु । मूलुखां दुहांवययं जवपाखे महाँकाल मूर्ति खवय् गणेशया मूर्ति ध्वदुई । ख्वप नगरपालिका पाखें थौंकन्हे पूर्णरूपं जिर्णोद्धार क्वचायके धुंकुगु जुल । उगु क्रमय् क्वापाद्यो तइगु क्वथाय् पुलांगु क्वापाद्योया आसन लुयावगु ख: । उगु आसन गोलमधि त्वा:या हरिराम भारोपिसं तया: तगु धैगु सीदु । ने.सं. ७७० पाखे तयातगु उगु सिंहासन सियागु ख: ।


## वहीया सङ्घ वा ज्याभ्क्व

थुगु वहीया सङ्घपिं चतुव्रह्म महाविहार सङ्घया या तदिछें (तधिछे) खल:या दुज: पिं ख: । थुमिसं हे झौरवही नापनापं दीपङ्कर तथागतयागु परम्पराकथं ज्या समेत न्ह्याका: वयाच्वंगु दु । चतुव्रह्म विहारय वंशावली कथं सुरथव्रज बज्राचार्यया काय् जीवचन्द्र बज्राचार्य थुगु चतुब्रह्म विहारय् विज्यागु जुल । छुं दँ लिपा जीवचन्द्र बज्राचार्यया काय्पिं हेलसिंह, मयासिं अभ्यासिं बज्राचार्यपिसं हे झौरवही, थाथुवही, कुथुवही, यालाछेवही जीर्णोद्वार यागु ख: धका : अनया सङ्घपिसं धयावयाच्वंगु दु ।

थुगु वहीस बिज्याकातम्ह दीपङ्कर गबले निर्माण जुल धैगु खँ सिइमदु । तर ने.सं. ६७६ या छगू ल्वहंपतिइ झौरवहीया नापं पञ्चतथागतया जात्रा समेत उल्लेख जुयाच्वंगुदुगुलिंयाना: उगुईलय्हे थुगु वहीस दीपङ्करया पलिस्था जुइधुंकुगु खँ सिइके फु । इन्द्रवर्ण महाविहारया सङ्घसदस्यपिंके दुगु ज्योतिमल्लकालीन तमसुकपत्रय्नं ख्वपया पञ्चदान वा पञ्चतथागतया जात्राया बारे थाय्थासय् उल्लेख जुयाच्वंगु दु धैगु खँ न्यने दु । थुगु पञ्चतथागतया जात्रा (पञ्चदान पर्व) आदिपद्ममहाविहारं सुरूजुइगु ख: । सम्पूर्ण ख्वपया नगरपरिक्रमा याये धुंका न्या:म्हं तथागतपिंत टौमढिया भैरवनाथ न्ह्योन च्वंगु दबुली बिज्याकी । अन्तिम समारोह कथं झौरवहीया थकालीनं मत:बिया तथागतपिंत बिदा वियेगु ज्या जुइ ।

झौरवहीलीनं वही च्व:ब्वये म:गु परम्परा दु । वहि द्यो ब्वयेगु ज्या: श्रावण शुल्क द्वादशि निसें गुन्हु तक जुइ । थुगु वहीलिइ वही च्व: ब्वयेगु ज्या इन्द्रवर्ण महाविहारया सङ्घपिसं नं ब्वयावयाच्वंगु खं वही च्व: ब्वयेगुया विषय तमसुक पत्रय् उल्लेख यातात:गु खँ च्वये उल्लेख यायेधुन । उगु वहीलि ब्वइपिं दीपङ्कर तथागत, सारिपुत्र वा मौदगल्याणया सुवर्ण प्रतिमात इन्द्रवण महाविहारया सङ्घ दुजपिंसं संरक्षित याना: त:गुदु । दीपङ्कर तथागतया स्वर्ण प्रतिमा सम्वत ७४४ दिवंगत देवदासया नामं दुंता यानात:गु खँ दीपङ्कर तथागतया आसनय् कियात:गु अखिलेखं सिइदु । तर उमिसं थन बहीद्यो ब्वयेगु मयाय् धुंकल । अथेहे श्रावण कृष्ण त्रयोदशि पञ्चदान खुन्हू थनया दीपङ्कर यातनं नगर परिक्रमा याना: वयाच्वंगु दु । घ्य: चाकु संल्हुबले थथुवहीया प्राङ्गणय् जुइगु सम्यक पञ्चदानय् खुम्ह दीपङ्करयात बिज्याकी । थनया:म्ह दीपङ्करयात लाँयपूं छायेगु ज्या लगायतं इलय ब्यलय् पूजा जुयाच्वनी । थौंकन्हे थुगु वहिलि सुथय् व बहनी नित्य पुजा जुयाच्वंगु दु ।

❖❖❖



महापण्डित राहुल सांकृत्यायनका साथ धर्मरत्न 'यमि' (राहुलको पाँचौं नेपाल यात्राकालमा खिचिएको फोटो - जनवरी, १९५३ ई.)

**महापण्डित राहुल सांकृत्यायनका केही उद्‌गार**

१) 'सामाजिक, मानसिक सभी तहरकी स्वतन्त्रता होने मे बौद्ध-धर्मके समान कोई धर्म नहीं ।'

**- नवदीक्षित बौद्ध**

२) 'धार्मिक क्षेत्रमें बुद्ध और उनके अनुचरोंका अधिक जोड मनके संयम और मानसिक शक्तियों के विकास पर था ।'

**- महामानव बुद्ध**

३) 'किसी भी सामाजिक क्रान्तिमें शामिल होनेवालोंकी कुछ कड्वा-मीठा सहने के लिए तयार होना ही चाहिए ।'

**- दिमागी गुलामी**

४) धर्मकीर्ति (प्राचीन नालन्दा विश्वविद्यालयका एक अध्यापक) ने बताया हुआ जड्ता (मूर्खता) के पाँच चिन्ह (वेदकी प्रमाणता, सृष्टिका कर्ता ईश्वर, स्नान करनेसे धर्म लाभ, जातिवादका घमण्ड और पाप करने के लिए शरीरको सन्ताप देना ) पैर तोडकर भारतके कोने -कोने मे बैठ गये ।

**- वैज्ञानिक भौतिकवाद**

**धर्मरत्न 'यमि' का केही उदगार**


१) 'आमा-बाबुको भान्सामा र पैसामा मोज गर्ने अधिकांश किशोर किशोरी, युवक युवतीहरूमा अभावको बेला साम्यवादी भावना र अभावको परिपूर्तिपछि पूँजीवादी भावनाको सृजना हुन्छ ।'

२) 'राष्ट्र भनेको वा देश भनेको एउटा फूलबारी हो । फूलबारीमा एक जातको मात्र फूल, एक जातको मात्र विरुवा राख्छु भन्ने मालीलाई कसले 'बुद्धु' भन्दैन र ? त्यसैले राष्ट्र वा देशमा अनेकन भाषा हुन्छन्, धर्म हुन्छन्, सभ्यता वा संस्कृति पनि हुन्छन् । त्यस्तो भएको देश मै हिसीले आगन स्थापना गर्छ, सिद्धिले वास गर्छ । त्यसैले सबैले सबैको भाषालाई मित्र सम्झनुपर्छ ।'

३) लुच्चा र छुच्चा

लुच्चाभन्दा छुच्चा वेश - सके त नहुनु दुवै अति वेश । धूर्त र ढोंगी रकमी फताह सफा गर्न छुच्चा हुने वेश ॥

# मञ्जुवर्ण महाविहार



## परिचय

ख्वपया प्रमुख विहारत मध्येया छगू बिहार मञ्जु वर्ण विहार नं ख: । ख्वप नगरया वडा नं. ४ स थुगु विहार अवस्थित जुयाच्वंगु दु । थालाछें पुखूया उत्तरदिशां बेखाल पुखू वनेगु लँया पूर्व दिशापाखे वनेबले थुगु बिहार ध्व:दुइ । थुगु विहार दुहाँ वनेत निजी छें तलं वनेमा: । ने.सं. ९८६ या भाजुमनया सफूलिइ थुगु विहारया नामाकरण श्री मञ्जुवज्र विहार धका: उल्लेख जुयाच्वंगु दु । अथेहे ने.सं. १००५ य् वज्राचार्य महावीरया चचा सफूतिइ थुगु विहारयात सुगत श्री मञ्जु वज्र विहार धका: उल्लेख यानात:गु दु । तर स्थानीय जनसमुदायबीचय् धा:सा थुगु विहार वाउँ बाहा:धका: प्रसिद्ध जुया च्वंगु दु । थुगु बाहाया संघ वज्राचार्यपिनिगु ख: ।

## ऐतिहासिक पृष्ठभूमि

ख्वपया चूडाकर्म याना: वयाच्वंगु विहारया धलखय् थुगु मञ्जुवर्ण विहारया नां नं दुथ्यानाच्वंगु दु । थुगु बिहारया स्थापना कालया बारे जानकारी जुइ कथंया छुं नं अभिलेख शिलापत्रादि आदि लुयाव:गु मदुनी । मध्यकालया अन्तिम ई पाखे थुगु विहारया निर्माण जुगु अनुमान यानात:गु दु । पशुपति विहारय् चूडाकर्म याना:वया च्वंपिं यलया शाक्यपिसं थुगु विहारय् पलिस्था जुयाच्वंगु शिखरकूट चैत्यय् पुजादि याना:वयाच्वंगु दु । थुगु कथं स्वयेबले मञ्जु वर्ण विहार स्थापना जुइ न्ह्यो हे थुगु थासय् बस्ती विकास जुइधुंकुगु अनुमान यायेफु । तर थुगु खँ पुष्टि जुइगु प्रमाण धा:सा छुं लुयाव:गु मदुनी ।

## विहारया संघ

थनया वज्राचार्य खल:यात प्रशन्नशील विहारय् चूडाकर्म याइपिं बेखाल खल:तय् छगू कचा ख: धाइ । न्यनेदुकथं बेखाल खल:या छध्व शाक्यपिं आचार्यभिशेष लुया: वज्राचार्य जुपिं ख: । इमिगु पुर्खाय् भाजुमन व भालाय् (भाजुराज) नांयापिं निम्ह दाजु किजा दु । इपिं मध्ये आचार्याभिशेक लुया वज्राचार्य जुम्ह भाजुमान ख: धैगु बेखाल खल:या दुजपिनिगु धा:पु दु । उकिं थुमित बलं गुभाजु धका: नं धायगु या: । थुगु विहारया संघ व प्रशन्नशील विहारय् चूडाकर्म याइपिं शाक्यपिनि द्व:गु चो छम्ह हे जुगुलिं नं ध्व खँ पुष्टि जू । ने.सं. ९८६ पाखे थुगु विहारया वज्राचार्य भाजुमनं सारेयानात:गु हेरुकद्वय तन्त्र[१३१] व ने.सं. १००५य् वज्राचार्य महावीरं सारेयानात:गु चचा सफू[१३२] स्वयेबले इमिसं वज्रयानया दुग्यंक अध्ययन याना: विधिविधान थुइका: जक अभिषेक कया वज्राचार्य जुगु खनेदु ।

## विहारया स्वरूप व सम्पदा

मञ्जुवर्ण विहार दुहाँ वनेगु मूलुखा पश्चिमाभिमुख जुयाच्वंगु दु । थौंकन्हे साधारण लुखा थें खनेदुगु थुगु लुखाफुसय् महावैरोचन अङ्कितगु सिंयागु कलात्मक तोरण दुगु खः । उगु तोरण नीदँति न्ह्यो खुयायंके धुंकुगु जुल । थुगु लुखां दुहाँ वनेवं बाहाःया प्राङ्गण ध्वदुइ । बाहाःया उत्तर, दक्षिण व पश्चिमपाखे स्वक्वः स्वक्वःया दलाम पिकनातःगु दु । बाहाःया दथुइ शिखरकूट शैलीया छगः चैत्य स्थापना यानातःगु दु । थुगु चैत्यया पश्चिमपाखे जज्ञकुण्ड व दक्षिणय् क्षेत्रपाल स्थापना यानातःगु दु । अथेहे उत्तर-पश्चिम कुनय महाद्योया रुपय् पुज्याइगु प्वाकः गाः व पूर्व दक्षिण कुनय् नागराजा ( वरुण) स्थापना यानातःगु दु । थन न्हापा छगः तुं नं दुगु खः ।

बाहाया पूर्वय् प्यतँजागु देगः निर्माण यानातःगु दु । ध्व विहारया क्वाःपाःछें खः । क्वाःपाःद्योया मुलुखा न्ह्योने निखें निम्ह ल्वहँया सिंह तयातःगु दु । अष्टमङ्गल अङ्कितगु थनया मूलुखाय् महावैरोचन व जवंखवं मञ्जुश्री षडक्षरीया नापं पञ्चबुद्ध व वज्रसत्वपिनिगु मूर्तित कलात्मक बुट्टां छायपियातःगु छगू तोरण दुः । थनच्वंगु लुखाखापा नं संभ्र्यायें ह्व ह्व दुगुलिं दुने पलिस्था यानाःतम्ह क्वाःपाःद्यो बाँलाक खनेदु । थुगु मूलुखाया जवंखवं गणेश व महाँकालया रुपय् पुज्याइगु निगू ग्वाखँप्वा दु । अथेहे उत्तर पाखें नासः द्यो (ग्वाखँप्वा) दक्षिणपाखे विश्वकर्मा द्यो स्थापना यानातःगु दु । पूर्व पाखे वाहेक बाहाया स्वख्येरं दलुपात तयातःगु दु । च्वयेया तल्लाय् थुगु विहारया आगँ क्वथा दु । थुगु तल्लाय् पश्चिमाभिमुखगु स्वपाः साधारण तिकिभ्र्याः छुनातःगु दु । प्यतँजागु थुगु विहारया क्वाःपाःछेंया पलि आयँपा पौगु खःसा थुकी गजुयारुपय् चैत्य तयातःगु जुल ।

## विहारया ज्याभ्व

थुगु विहारया क्वाःपाःद्योयाथाय् न्हियान्हिथं सुथे नित्यपुजा यायेमाःगु दुसा वहनि सन्ध्यायानाः आरति वियेगु जुइ । संघ सदस्यपिसं पालंपाः चले याइगु थुगु पुजा वाहेक गुँलां लच्छियंकं तुतः ब्वनेगु, नामसंगति ब्वनेगु परंपरा न्ह्याकाः वयाच्वंगु दु । श्रावण कृष्ण त्रयोदसि कुन्हु ख्वपय् जात्रायाइपिं न्याम्हं दीपंकरयात थन पुजा यानाः पञ्चदान विइमाः । अथेहे कतिंपुन्हिखुन्हु थुगु विहारय् चैत्य वुसाधं यानाः चाकमत च्याकेमाः । प्रसन्नशील विहारया शाक्यखलः (भतुजु) पाखें द्यो पुजायाना योमरीं लुना कतिंपुन्हि कुन्हु मत च्याक वयेगु चलन दनी ।

*साभार : ख्वपया बाहा बही सफूतिं*

❖❖❖


# हार्दिक समवेदना

तिलौराकोटस्थित गौतम बुद्ध विहारका

**श्रद्धेय भिक्षु सूर्यमंगल**को निधन भएकोमा दुःख व्यक्त गर्दै

भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।

साथै शोकाकुल बौद्ध समुदायप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

# त्रैमासिक "अर्हत" को वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

ग्राहकहरूको नामावली

१) सुमन साख - बोलाछें
२) राकेश शाक्य - सुकुलढोका
३) प्रमोद मानन्धर - मुलढोका
४) केशव बासुकला - ब्यासी
५) योगेश्वर श्रेष्ठ - क्वाठण्डौं
६) शारदा उच्च मावि - यालाछें
७) प्रभात इङ्गलिस उमावि- ब्यासी
८) बासु उमावि - कालीघाट
९) गोपीकृष्ण प्रजापति - तुछिमला
१०) बालकृष्ण प्रजापति - सूर्यविनायक
११) पशुपति प्रजापति
१२) लक्ष्मीप्रसाद त्वानाबासु
१३) सिताराम श्रेष्ठ बोलाछें - ९८४१४३०५५४
१४) पृथीकुमार प्रजापति - सूर्यविनायक ५०९२६४५
१५) तेजेश्वरबाबु ग्वंग - सूर्यविनायक
१६) हृदयचन्द्र वैद्य ५०९२६९७ - सूर्यविनायक
१७) पशुपति प्रजापति ५०९२५८८ - सूर्यविनायक
१८) ज्ञानसागर प्रजापति - सूर्यविनायक
१९) पुष्पराज शाक्य भुल्चा - सूर्यविनायक
२०) सुनिता न्हेमाफुकी ९८५११४० - सूर्यविनायक
२१) नवराज धौबञ्जार - सूर्यविनायक
२२) बलराम सिबञ्जार ९८५१०५०९०३-सूर्यविनायक
२३) श्याम धौभडेल - सूर्यविनायक
२४) पुष्प बनेपाली ६६१६३५४ सूर्यविनायक
२५) विजय शारदा मदीकर्मी - सुन्दरबस्ती
२६) मेथड कन्सल्ट ९८५१०६२६४० - सूर्यविनायक
२७) हरि साखः ६६१०१३८ सूर्यविनायक
२८) नरेश त्वायना ९८४१२७२३१५ घट्खा
२९) कृष्ण त्वायना - नासमना
३०) कृष्ण श्रेष्ठ सुकुलढोका
३१) कृष्णभक्त नकर्मी सूर्यविनायक
३२) व्हुछेरत्न खाइतु ९८५१०३०७८५
३३) लक्ष्मी मिठाई भण्डार ६६११११८
३४) रामचन्द्र सिंबञ्जार - सूर्यविनायक
३५) जगन्नाथ प्रजापति - सुन्दरबस्ती ६६१४२८७
३६) युवक राजभण्डारी - सूर्यविनायक ६६१२०२०
३७) हरि अवाल सूर्यविनायक
३८) भक्तपुर हार्डवेयर सूर्यविनायक
३९) पुण्यराम भैल इच्छु ९८४१२५५३९८
४०) लक्ष्मीभक्त कवां - सूर्यविनायक
४१) शिव मानन्धर सूर्यविनायक - ६१०९४४
४२) सूर्यविनायक कोल्ड स्टोर - ६६१६६६६
४३) कृष्णबहादुर सुवाल - ९७४११५२४५५
४४) गंगाबहादुर सुवाल-कटुञ्जे
४५) तुल्सीभक्त श्रेष्ठ - सुकुलढोका
४६) नारायण कर्माचार्य - सुकुलढोका
४७) रामहरि श्रेष्ठ - सुकुलढोका
४८) सिताराम अवाल - तुछिमला
४९) रुशा प्रजापति - च्याम्हासिंह
५०) श्यामकृष्ण लवजु-वडा नं. ३
५१) विश्वनाथ प्रजापति वडा नं. १
५२) सिताराम कुम्पाख वडा नं. ५
५३) रामशरण खानीबञ्जार वडा नं. ३

५४) सुन्दर शाक्य वडा नं. ४
५५) श्याम शाही - भोलाछें
५६) छुमा गणेश बचत तथा ऋण सहकारी संस्था
५७) इश्वरीराज जोशी -तुछिमला
५८) रामकृष्ण अवाल तुछिमला
५९) तेकबहादुर अवाल तुछिमला
६०) केशबहादुर शाही भोलाछें
६१) ज्ञानसागर प्रजापति - तौलाछें ९८४१७५४५१०
६२) शिवप्रसाद प्रजापति -बोलाछें ९८४९१२८००९
६३) पूर्णबहादुर अवाल -तुछिमला
६४) सिद्धिराम अवाल - तुछिमला ६६१८०९६
६५) बुद्धिराम दुवाल - गोलमढी ६६१२५३१
६६) रामबहादुर प्रजापति
६७) केदार त्वानाबासु-टिवुक्छें ८
६८) कृष्णगोविन्द खाइजू वडा नं. ६
६९) कृष्णभक्त जोशी - जगाति
७०) विवेकमान कर्माचार्य तुलाछें ९८५१०३३२५२
७१) न्हुछेभक्त जोशी - जगाति ९७४१००४१६७
७२) गोविन्दलाल धौभडेल - टौमढी ६६१०५५६
७३) लक्ष्मीभक्त चवाल -क्वाछें ९८०३०२४२८२
७४) विष्णु वैद्य - हनुमानघाट
७५) विष्णुभक्त मारिखु - सूर्यविनायक
७६) सिद्धिगणेश साकोस - चोर्चा
७७) तुल्सीबहादुर अवाल - महाकाली
७८) जगनाथ सुजखु-व्यासी ९८४१४९५२९१
७९) दिलबहादुर ब्याञ्जु - ब्यासी ९८४१८८४६६७
९०) जय श्री बाराही इलेक्ट्रिक सेन्टर - सुन्दरबस्ती
९१) विष्णुकुमार सुकुपायो - सूर्यविनायक ९८४१४३२६६१
९२) गोपाल श्रेष्ठ - कटुञ्जे
९३) गणेशराम प्रजापति-मिलरोक मध्यपुर ९८४१२३१७७८
९४) तुल्सीभक्त अवाल - व्यासी
९५) विष्णुराम दुमरु - वडा नं. ६ चोर्चा
९६) रुद्रनारायण लाखा - वडा नं. ६ चोर्चा
९७) हरिनारायण लाखा - वडा नं. ६ चोर्चा
९८) भक्तलाल दुमरु - वडा नं. ६ चोर्चा
९९) कृष्णभक्त ख्याजु - वडा नं. ६ चोर्चा
१००) लक्ष्मीप्रसाद दुमरु - वडा नं. ६ चोर्चा
१०१) नारायणमान बनमाला चोर्चा
१०२) कृष्णगोविन्द लाखाजू - वडा नं. ६ चोर्चा
१०३) राजेन्द्र दुमरु - वडा नं. ६ चोर्चा
१०४) विकास शाक्य - वडा नं. ६ चोर्चा
१०५) सरिता वासी - गरुडकुण्ड वडा नं. १ ९८४१०४३२७१
१०६) श्रीप्रसाद अवाल - कमलविनायक ६६१६७२०
१०७) लक्ष्मीकेशरी प्रजापति - गरुडकुण्ड ६६१४२४३
१०८) विष्णु पनेरु - कमलविनायक- ६६१४४६०
१०९) लक्ष्मीप्रसाद प्रजापति - गरुडकुण्ड ९८४१२७२४३०
११०) रविन खुसु - इताछें ९८४९८२५४०७
१११) शिवजी प्रजापति - गरुडकुण्ड ९८४१०२३९४५
११२) बाबुकाजी प्रजापति गरुडकुण्ड ९८४१५३७२९९
११३) रत्नप्रसाद प्रजापति गरुडकुण्ड ९८४१३९४०७४
११४) अर्जुन प्रजापति गरुडकुण्ड ९८४१८४९३३९
११५) न्हुछेकुमार अवाल तुछिमला
११६) काजीबहादुर अवाल तुछिमला
११७) कृष्ण अवाल तुछिमला
११८) कान्छा बासुकला देकोचा
११९) रुपेश खोतेजा चोछे
१२०) पञ्चवीर सल्लाघारी
१२१) विष्णु प्रजापति सल्लाघारी ९८४१३३४६२७
१२२) प्रवीण शाक्य भोलाछें ६६१३६२६
१२३) तीर्थरत्न शाक्य-इनाचो ६६१३९८३
१२४) वसन्तराज शाक्य इनाचो
१२५) सप्तरत्न बज्राचार्य इनाचो ९८४१३३४९३१
१२६) प्रकाश शाक्य -इनाचो ९८५१०८९१२
१२७) पद्मसुन्दर शाक्य - इनाचो ६६१३९८१
१२८) आयु बज्र शाक्य इनाचो ९८४१२०५७३२
१२९) संखराज शाक्य इनाचो

१३०) दीपेन्द्र इनाचो ६६१२२६०
१३१) विश्व पद्म ज्यासः इनाचो ९८४१२०१९७८
१३२) धर्मराज बुद्धाचार्य - इनाचो ९८४११७७४७९
१३३) इन्द्रबहादुर इनाचो ९८४१९५०९६६
१३४) सुगतराज एण्ड सन्स - इनाचो ९८४१४८८०५७
१३५) रत्नसुन्दर शाक्य - इनाचो ९८४९४२६०९०
१३६) विनेश शाक्य ६६१३३९३
१३७) शारदा क्याम्पस - कमलविनायक ६६१४८८०
१३८) कृष्णगोपाल कुसी - तौलाछें ९८४१२८५६३७
१३९) पृथुचरण वैद्य -टिवुक्छें ६६१०८१२
१४०) पुष्परत्न शाक्य -भोलाछें ९८४१४०३७५५
१४१) लक्ष्मी अप्टिकल इताछें ६६१४३३१
१४२) रत्नायन ज्यासः - खौमा - ९८४१२४५४९७
१४३) गणेश ज्यासः पस : साकोठा ६६१०६०१
१४४) केशचन्द्र शाक्य - याछें ६६१७५८२
१४५) राधेश्याम दुमरु, वडा नं. ६
१४६) रमेश दुमरु, कमलविनायक
१४७) कृष्णनारायण दुमरु, कमलविनायक
१४८) हिरा ख्याजु, कमलविनायक
१४९) इन्द्रबहादुर मुस्याख्व, कमलविनायक
१५०) काशीनाथ त्वानाबासु, कमलविनायक
१५१) पुण्यराम लाखा, कमलविनायक
१५२) तुल्सी वनमाला, कमलविनायक
१५३) पुण्यराम दुमरु, कमलविनायक
१५४) रामकृष्ण वैद्य - तचपाल
१५५) गणेशमान श्रेष्ठ
१५६) पञ्चलाल लाछिमस्यू
१५७) लक्ष्मीप्रसाद ह्यौमिखा
१५८) तुल्सीनारायण लाखेमरु
१५९) राजाराम बासुकला - भनपा-१०
१६०) भिन्तुना बचत तथा ऋण सहकारी संस्था - भनपा-१०
१६१) केशव घयुव - भनपा-१०
१६२) अमर बासुकला - भनपा-१०
१६३) हरिप्रसाद बासुकला - भनपा-१०
१६४) ख्वप बचत तथा ऋण सहकारी संस्था - भनपा-१०
१६५) राजकुमार लघु -भनपा-१०
१६६) देवेन्द्र ग्वाछा - भनपा-१०
१६७) प्रभात माध्यमिक विद्यालय - भनपा-५
१६८) महाकाली ग्यास उद्योग - भनपा-१०
१६९) तुल्सी नारायण लाखे - भनपा-१०
१७०) श्रमिक माध्यमिक विद्यालय
१७१) रामप्रसाद कोजु - भनपा-१०
१७२) गणेशप्रसाद सुवाल - भनपा-१०
१७३) श्याम शाही - भोलाछें-१०
१७४) कविरकुमार बज्राचार्य - चोछें
१७५) योगेन्द्रबहादुर प्रधानाङ्ग - नयाँ बानेश्वर
१७६) कान्छी मैया प्रजापति - क्वाठन्डौ
१७७) गोविन्दमान श्रेष्ठ - सोहखुट्टे, काठमाडौं
१७८) अस्मिता कोजू - भ.पु. व्यासी
१७९) विजयराज बज्राचार्य - भ.पु. इताछें
१८०) धनेप्रसाद प्रजापति - सूर्यमढी
१८१) मनिष रंजित - भ.पु. गोल्मढी
१८२) सुमित्रा त्यात - भ.पु. गोल्मढी
१८३) सविन शाक्य - भ.पु. क्वाठन्डौ
१८४) कृष्णप्रसाद प्रजापति - भ.पु. सूर्यमढी
१८५) शिवप्रसाद बाला - भ.पु. जगाती
१८६) धर्म इलेक्ट्रीकल - भ.पु. लिवाली-२
१८७) मनकामना हार्डवेयर -
१८८) बद्री न्याइच्याई - भ.पु. जगाती
१८९) राम लाखेमरु - जगाती
१९०) कृष्णगोपाल गाइजु - मकोगली ३
१९१) विजय शाक्य - इनाचो
१९२) हारती फर्मा - जगाती
१९३) राजाराम ख्याजु - खँचा-६

# बोधिवृक्षका माली–बुद्ध

✍ तेजेश्वरबाबु ग्वंग

बुद्ध त बोधिवृक्षका माली,
माली जसले झडाउन खोज्छ
बोधिवृक्ष निरन्तर ।
बुद्ध त नयाँ पुस्ताका आवादी
उपासनाका उपासक जमातका संघ
संघं शरणम्का उपासक ।

बुद्ध त कल्याण धम्मका दूत
प्राणि मात्रका कल्याणा मित्र
धम्म प्रवर्तक अनि पालक !

बुद्ध, धम्म, संघको व्याख्या
निखिल नभका नक्षत्र बुद्ध
विपसनाका अन्तरचेतना !

मेरा चेतहरु कहालिरहेछन्
मेरै चेतन कहालिमाथि
गिद्धहरु मडारिएकै छन्
सौर्य किरणै छेक्ने दाउ फट्कारेर
विश्वस्त छु, तर-
समय गतिशील छ
प्वाँख झर्दो पखेटा
निश्क्रिय बन्छ स्वत:
शाश्वत नियम प्रकृतिको !

परिक्रमा चक्र घुमिरहन्छ
फनफन निरन्तर
परिक्रमा चक्रको साझेदार हुँदा
घुमिन्छ निरन्तर
कहिले कता कहिले कता
गतिहरूका अस्थिर निरन्तरता !

बौद्ध दर्शन अध्ययन समाज
द्वारा प्रकाशित
बौद्ध साहित्यिक पत्रिका
"अर्हत" त्रैमासिक
निरन्तर प्रकाशनको निम्ति हार्दिक
शुभकामना व्यक्त गर्दछ ।

बासु उच्च माध्यमिक विद्यालय/कलेज

कालीघाट, ब्यासी, भक्तपुर, सम्पर्क फोन नं.६६२०३००, ६६१५२५७, ६६१९०१४